**"मन्दिदेखि समृद्धि, लगानीमा अभिवृद्धि"**

# आर्थिक वर्ष २०८०/८१ को बजेट वक्तव्यमा उल्लेख भएका निजी क्षेत्र तथा अर्थतन्त्रसँग सम्बन्धित ७३ बुँदाहरुको वार्षिक कार्यान्वयन/प्रगति विवरण:

[नेपाल उद्योग परिसंघ (सीएनआई)ले 'बजेट वाच' पहलका लागि

नेपाल आर्थिक पत्रकार समाज (सेजन) सँगको सहकार्यमा तयार पारेको]

## कार्यकारी सारांश:

आर्थिक वर्ष २०८०/८१ को बजेट वक्तव्यमा उल्लेख भएका निजी क्षेत्र तथा अर्थतन्त्रसँग सम्बन्धित ७३ बुँदाहरुको वार्षिक कार्यान्वयन प्रगतिको अवस्था हेर्दा २४.६५% (१८ वटा बुँदा) पूर्ण कार्यान्यिवन, ६९.८६% (५१ वटा बुँदा) आंशिक कार्यान्वयन र ५.४७% (४ वटा बुँदा) मा शून्य प्रगति देखिएको छ । अधिकांश बुँदाहरु नीति, कानुन निर्माणसँग सम्बन्धित भएकाले प्रगति कमजोर देखिएको छ । ऐन, नियम, विनियम, कार्यविधि निर्देशिकाको अभावमा धेरैवटा योजना तथा कार्यक्रम सहज रुपमा अघि बढ्न नसकेको देखिएको छ । कानुन बनिसकेका विषयहरुमा पनि संरचनागत र प्रक्रियागत झन्झटका कारण अपेक्षित रुपमा कार्यान्वयन हुन सकेको देखिँदैन । मस्यौदा बनिसकेका कानुनहरु स्वीकृतिमा विलम्व भएको देखिन्छ । विधेयकहरु लामो समयसम्म संसदमा तथा नियमावली, कार्यविधि एवम् निर्देशिका मन्त्रिपरिषद्मा अड्निे गरेको देखिएको छ ।

कतिपय योजना तथा कार्यक्रमहरु प्रदेश र स्थानीय तहबाट कार्यान्वयन गर्नुपर्ने गरी निर्धारण भएकोमा त्यसको वास्तविक कार्यप्रगति आंकलन हुन सकेको देखिँदैन । त्यस्तै बजेटका योजना तथा कार्यक्रमहरु कार्यान्वयनका लागि सम्बन्धित मन्त्रालयले छलफल चलाएपनि त्यसको ढाँचा यकीन गर्न सकेका छैनन् । गत आर्थिक वर्षको बजेटमा परेका तर प्रगति नदेखिएका केहि योजना तथा कार्यक्रमहरु आगामी आर्थिक वर्षको बजेटमा पनि अटाएका छन् भने केहि योजना तथा कार्यक्रमलाई वार्षिक बजेटबाट हटाइएको छ । जग्गा प्राप्ति, वातावरणीय प्रभाव मूल्याङ्कन, लगानी मोडालिटीलगायत पूर्व तयारीका काम नसकिनु, जनशक्ति अभाव हुनु, कर्मचारीको चाँडो चाँडो सरूवा हुनु, अन्तर मन्त्रालय तथा अन्तरनिकाय समन्वय अभावजस्ता समस्याले बजेटका योजना तथा कार्यक्रमको प्रगति कमजोर देखिएको छ । बजेट कार्यान्वयनका लागि सम्बन्धित लेखाउत्तरदायी अधिकारी तथा आयोजना प्रमुखलाई जिम्मेवार बनाउन नसकिनु, एकीकृत सूचना प्रणालीको अभाव हुनुलगायतका विषयलाई पनि समस्याका रुपमा पहिचान गरिएको छ ।

घोषणा भएका औद्योगिक पूर्वाधार निर्माण एवम् स्तरोन्नति तथा संचालन, कम्पनी प्रशासनमा सुधार, स्टार्टअप उद्यम र साना तथा मझौला उद्यम प्रवर्द्धन, आन्तरिक उत्पादकत्व बढाएर निर्यात प्रवर्द्धन, औद्योगिक वातावरण सुदृढिकरणलगायतका विषयहरु बजेटमा परेको भएपनि त्यसको स्पष्ट कार्ययोजना निर्माणमा मन्त्रालय चुकेका छन् । विषयगत मन्त्रालयले निर्धारण गरेका वार्षिक लक्ष्य तथा माईलस्टोनहरु वार्षिक बजेटमा राखिएको लक्ष्यसँग तादम्य मिल्न सकेको देखिँदैन । सार्वजनिक खरिद प्रक्रियामा हुने विलम्बलाई पनि बजेटका योजना तथा कार्यक्रम कार्यान्वयन कमजोर देखिनुको कारण मान्न सकिन्छ ।

| क्र.सं. | क्षेत्रहरु | कुल | शुन्य प्रगति | आंशिक कार्यान्वयन | पूर्ण कार्यान्वयन |
|---|---|---|---|---|---|
| १ | वन तथा वातावरण | 8 | 0 | 7 | 1 |
| २ | सार्वजनिक खरिद | 1 | 0 | 1 | 0 |
| ३ | विकास आयोजना | 2 | 1 | 1 | 0 |
| ४ | मेक इन नेपाल : स्वदेशी | 2 | 0 | 2 | 0 |
| ५ | नवप्रवर्तन | 2 | 0 | 1 | 1 |
| ६ | कम्पनी दर्ता र खारेजी | 1 | 0 | 0 | 1 |
| ७ | प्रत्यक्ष वैदेशिक लगानी | 9 | 0 | 5 | 4 |
| ८ | ऊर्जा | 4 | 0 | 3 | 1 |
| ९ | कृषि | 5 | 0 | 3 | 2 |
| १० | जग्गा | 1 | 0 | 0 | 1 |
| ११ | औद्योगिक विकास | 10 | 1 | 8 | 1 |
| १२ | निर्यात प्रवर्द्धन तथा व्यापार सहजीकरण | 8 | 1 | 7 | 0 |
| १३ | आपूर्ति व्यवस्था तथा उपभोक्ता संरक्षण | 2 | 0 | 1 | 1 |
| १४ | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन | 7 | 1 | 6 | 0 |
| १५ | सञ्चार प्रविधि | 1 | 0 | 1 | 0 |
| १६ | पुँजी बजार | 2 | 0 | 1 | 1 |
| १७ | कर | 8 | 0 | 4 | 4 |
| | **कुल** | **73** | **4** | **51** | **18** |

| कुल प्रावधान | शुन्य प्रगति | आंशिक कार्यान्वयन | पूर्ण कार्यान्वयन |
|---|---|---|---|
| **73** | **4** | **51** | **18** |

## १) पूर्णरुपमा कार्यान्वयन भएका बजेटका नीति र कार्यक्रम

| बजेटको बुँदा नं. | बजेटले गरेको प्रावधान | गर्नुपर्ने कार्य | सम्बन्धित निकाय | प्रगति अवस्था |
|---|---|---|---|---|
| ७० | **आन्तरिक तथा वाह्य लगानी प्रवर्द्धन**<br>नयाँ कम्पनी दर्ता गर्दा र कम्पनीको पुँजी वृद्धि गर्दा शुल्क लाग्दै आएकोमा अबदेखि कुनै पनि शुल्क वा दस्तुर नलाग्ने व्यवस्था मिलाइनेछ। न्यूनतम एक सय रुपैयाँमात्र अधिकृत पुँजी घोषणा गरेर पनि कम्पनी खोल्न सक्ने कानूनी व्यवस्था गरिनेछ। अनलाइनबाट नै कम्पनी दर्ता र खारेजी गर्न सकिने गरी प्रक्रियालाई सरल र पारदर्शी बनाइनेछ। विदेशी लगानीमा सञ्चालित उद्योगका लगानीकर्ता तथा सीपयुक्त जनशक्तिको भिसा प्राप्ति प्रक्रियालाई सरल र लचिलो बनाइनेछ। | १- कम्पनी ऐन, २०६३ को दफा ५(१) मा भएको "तोकिएको दस्तुर लिइ" भन्ने शब्द हटाउनुपर्ने ।<br><br>२- दफा ५ को उपदफा ६ थप गरी "नयाँ कम्पनी दर्ता गर्दा र कम्पनीको पुँजी वृद्धि गर्दा कुनै पनि शुल्क वा दस्तुर लाग्ने छैन।" भन्ने व्यवस्था गर्नुपर्ने।<br><br>३- कम्पनी ऐन, २०६३ को दफा ११(१) मा प्रतिबन्धात्मक वाक्यांस थप गर्ने – "तर प्राइभेट कम्पनीकको हकमा न्यूनतम एक सय रुपैयाँमात्र अधिकृत पुँजी घोषणा गरेर पनि कम्पनी दर्ता गर्न सकिनेछ भनि थप गरिनुपर्ने ।<br><br>४- अनलाइनबाट नै कम्पनी दर्ता र खारेजी गर्न सकिने गरी प्रक्रियालाई सरल र पारदर्शी बनाउन मापदण्डहरु तयार गरी लागू गर्नुपर्ने। | १- कम्पनी रजिष्ट्ररको कार्यालय<br><br>२- उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | **सम्पन्न भएको** |
| ७१ | उत्पादनमूलक तथा निर्यातजन्य उद्योग स्थापनाका लागि आवश्यकपर्ने जग्गाको सहज उपलब्धताको लागि लिज र हदवन्दीसम्बन्धी कानूनी व्यवस्थामा पुनरावलोकन गरिनेछ। | उत्पादनमूलक तथा निर्यातजन्य उद्योग स्थापनाका लागि आवश्यक पर्ने जग्गाको सहज उपलब्धताका लागि लिज र हदवन्दीसम्बन्धी प्रचलित कानूनहरूः क) जग्गा प्राप्ति ऐन,२०३४, ख) भू उपयोगसम्बन्धी ऐन, २०७६, ग) भूमि ऐन,२०२१ सरकारी जग्गा दर्ता, उपयोग तथा लिजमा उपलब्ध गराउनेसम्बन्धी कार्यनीति, २०७१, जग्गाको हदबन्दी छुट दिने सम्बन्धी आदेश, २०७४ मा आवश्यक संशोधन गर्नुपर्ने। | १- भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय<br><br>२- भूमि व्यवस्थापन तथा अभिलेख विभाग | **सम्पन्न भएको**<br><br>**लगानी ऐनबाट संशोधन** |

| | | | | |
|---|---|---|---|---|
| ७४ | वैदेशिक लगानीसम्बन्धी कानूनी तथा नीतिगत स्थायित्व कायम गरिनेछ। प्रत्यक्ष विदेशी लगानी स्वीकृति प्रक्रियालाई सरल र स्वचालित बनाइनेछ। वैदेशिक लगानीको न्यूनतम सीमा पुनरावलोकन गरी क्षेत्रगत रूपमा सीमा तोकिनेछ। | १- विदेशी लगानी तथा प्रविधि हस्तान्तरण नियमावली, २०७७ को नियम ८.क बमोजिम स्वचालित मार्ग (अटोमेटिक रुट) बाट विदेशी लगानी सम्बन्धि सेवा प्रदान गर्नका लागि स्वचालित मार्ग कार्यान्वयनसम्बन्धी कार्यविधि वा स्ट्यान्डर्ड अपरेटिङ सिस्टम (एसओपी) तर्जुमा गरी यथासिघ्र लागू गर्नुपर्ने।<br>२- विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५ को दफा ३ को उफदफा (३) ले दिएको अधिकार प्रयोग गरी विदेशी लगानीको न्यूनतम सीमा क्षेत्रगत रुपमा कायम गरी नेपाल राजपत्रमा सूचना प्रकाशन गर्नुपर्ने ।<br>३- प्रचलित विदेशी लगानी तथा प्रविधि हस्तान्तरण नियमावली, २०७५ तथा विदेशी लगानी तथा प्रविधि हस्तान्तरण नियमावली, २०७७ मा आवश्यक संशोधन गर्नका लागि सम्बन्धित सरोकारवालाहरुसँग कार्यशाला गोष्ठि सञ्चालन गरी समयसापेक्ष संशोधन तथा परिवर्तन गर्नुपर्ने ।<br>४- क्षेत्रगत वैदेशिक लगानीको सीमा निजी क्षेत्रको राय-सुझावका आधारमा निर्धारण गरिनुपर्ने । | १- उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय<br>२- उद्योग विभाग<br>३- लगानी बोर्ड<br>४- नेपाल राष्ट्र बैंक | **सम्पन्न भएको** |
| ७६ | प्रचलित कानूनबमोजिम अनुमति लिनुपर्ने उद्योगबाहेक विदेशी लगानी खुला गरिएका उद्योगमा लगानी भित्र्याउँदा स्वचालित प्रक्रियाबाट स्वीकृति प्राप्त हुने व्यवस्था मिलाइनेछ। विदेशी लगानीबाट आर्जित आयलाई पुन: लगानी गर्दा स्वीकृति लिनु नपर्ने व्यवस्था गरिनेछ। विदेशी लगानी भित्र्याउन तोकिएको समय | १- विदेशी लगानी तथा प्रविधि हस्तान्तरण नियमावली, २०७७ को नियम ८.क बमोजिम स्वचालित मार्ग (अटोमेटिक रुट) बाट विदेशी लगानी सम्बन्धि सेवा प्रदान गर्नको लागी स्वचालित मार्ग कार्यान्वयन सम्बन्धि कार्यविधि वा Standard Operating Procedure (SOP) तर्जुमा गरी यथासिघ्र लागू गर्नुपर्ने ।<br>२- विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५ को दफा १५ को उपदफा (३) मा उल्लेख भए बमोजिम विदेशी लगानी स्वीकृति प्राप्त उद्योगले | १- उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय<br>२- उद्योग विभाग<br>३- लगानी बोर्ड<br>४- नेपाल राष्ट्र बैंक | **सम्पन्न भएको** |

| | | | | |
|---|---|---|---|---|
| | सीमा पुनरावलोकन गरी व्यवहारिक बनाइनेछ। | आर्जित नाफाबाट सोही उद्योगमा लगानी गर्न वा अनुसूची बमोजिमका उद्योग बाहेकका अन्य कुनै उद्योगमा लगानी गर्न चाहेमा पुनः विदेशी लगानीसम्बन्धी स्वीकृति आवश्यक पर्नेछैन भन्ने व्यवस्थालाई यथाशिघ्र कार्यान्वयनमा ल्याउनुपर्ने।<br>३- विदेशी लगानी तथा प्रविधि हस्तान्तरण नियमावली, २०७७ को नियम ९ को उपनियम (१) बमोजिम विदेशी लगानी भित्र्याउनुपर्ने अवधि हटाउनुपर्ने ।<br>४- विदेशी लगानी तथा प्रविधि हस्तान्तरण नियमावली, २०७७ को नियम ९ को उपनियम (२) मा संशोधन गरी स्वीकृति प्राप्त विदेशी लगानीकर्ताले स्वीकृत लगानी रकमको कम्तिमा दश प्रतिशत रकम आफूले लगानी गरेको उद्योग वा व्यवसायबाट व्यावसायिक उत्पादन वा कारोबार प्रारम्भ गर्नु अघि र बाँकी रकम त्यस्तो उद्योग वा व्यवसायबाट व्यावसायिक उत्पादन वा कारोबार प्रारम्भ भएको ५ वर्षभित्र लगानी गरिसक्नु पर्नेछ । | | |
| ७८ | वैदेशिक लगानी प्रवर्द्धन गर्न लगानी बोर्डको क्षमता विकास गरिनेछ। तुलनात्मक लाभका क्षेत्रहरूमा वैदेशिक लगानी आकर्षित गर्न सम्वत् २०८० मा लगानी सम्मेलन आयोजना गरिनेछ। द्रुत मार्ग, सुरुङमार्ग, जलाशययुक्त जलविद्युत लगायतका सम्भाव्य ठूला परियोजनाको पहिचान तथा पूर्वतयारीका काम सम्पन्न गरी विदेशी लगानीका लागि प्रस्ताव आव्हान गरिनेछ। | १- राष्ट्रिय महत्त्वका ठूला पूर्वाधार आयोजनामा सार्वजनिक निजी साझेदारी अन्तर्गत हाइब्रिड एन्युटि मोडलबाट निर्माण गर्न सक्ने गरी आवश्यक ऐन नियमावली तर्जुमा गरी लागू गर्नु पर्ने ।<br>२- वैदेशिक लगानी प्रवर्द्धन गर्न लगानी बोर्डको क्षमता विकास गर्न आवश्यक नीति तथा कार्यक्रम तर्जुमा गरी लागू गर्नुपर्ने छ ।<br>३- तुलनात्मक लाभका क्षेत्रहरूमा वैदेशिक लगानी आकर्षित गर्न सम्वत् २०८० मा लगानी सम्मेलन आयोजना गर्नुपर्ने। | १- उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय<br>२- उद्योग विभाग<br>३- लगानी बोर्ड | **सम्पन्न भएको** |

| | | | | |
|---|---|---|---|---|
| | | ४- द्रुत मार्ग, सुरुङमार्ग, जलाशययुक्त जलविद्युत लगायतका सम्भाव्य ठूला परियोजनाको पहिचान तथा पूर्वतयारीका काम सम्पन्न गरी प्रोजेक्ट बैंकसहित विदेशी लगानीका लागि प्रस्ताव आव्हान गर्नुपर्ने । | | |
| ७९ | अन्तर्राष्ट्रिय वित्त बजारबाट दीर्घकालीन पुँजी परिचालन गर्न आवश्यक कानूनी पूर्वाधार तयार गरिनेछ। ठूला तथा जलाशययुक्त जलविद्युत आयोजना, प्रसारण लाइन लगायतका पूर्वाधारमा लगानी गर्न स्थानीय मुद्रामा आधारित हरित वण्ड, ऊर्जा वण्ड जस्ता नवीन वित्तीय उपकरण मार्फत लगानीयोग्य पुँजी जुटाइनेछ। | १- हरित बण्ड, ऊर्जा बण्ड, परिवर्त्य ऋण (कन्भर्टिबल लोन), आय सहभागिता ऋण (इन्कम पार्टिसिपेशन लोन), क्यास आउट पद्धति ऋण (क्यास आउट मेकानिज्म) जस्ता नवीन वित्तीय उपकरणमार्फत पुँजी जुटाउन आवश्यक कानुन संशोधन गर्नुपर्ने ।<br><br>२- सामान्य ऋण उपकरणको तुलनामा नवीन प्रकारका वित्तीय उपकरणमा विभिन्न थप जटिलता र आयाम हुनसक्ने हुनाले नवीन प्रकारका वित्तीय उपकरणको स्वीकृतिका लागि लचिलो स्वीकृति प्रणाली अपनाउनपर्ने । नेपाल राष्ट्रिय बैंक विदेशी लगानी तथा विदेशी ऋण व्यवस्थापन विनियमावली २०७८ मा आवश्यकताअनुसार ‘केस-बाइ-केस ‘का आधारमा नवीन उपकरणहरूको स्वीकृति दिने व्यवस्था गर्नुपर्ने ।<br><br>३- नेपाल राष्ट्र बैंकका कर्मचारीहरूलाई नवीन वित्तीय उपकरणहरूका विभिन्न आयामहरूबारे आवश्यक तालिम दिनुपर्ने । | १- उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय<br><br>२- अर्थ मन्त्रालय<br><br>३- उद्योग विभाग<br><br>४- लगानी बोर्ड<br><br>५- धितोपत्र बोर्ड<br><br>६- नेपाल राष्ट्र बैंक | **सम्पन्न भएको** |
| १२८ | केही समयदेखि रोक्का रहेको जग्गाको कित्ताकाट फुकुवा गरिनेछ। यसबाट घरजग्गा क्षेत्रको कारोबार विस्तार हुने विश्वास लिएको छु । | जग्गाको कित्ताकाट फुकुवा गर्नका लागि मन्त्रीपरिषद्ले तत्काल निर्णय गरी यसलाई सम्बन्धित निकायहरुमा परिपत्र गरी शिघ्र कार्यान्वयन गर्नुपर्ने । | १. मन्त्रीपरिषद्<br><br>२. भूमि व्यवस्थापन, सहकारी तथा गरिबी निवारण मन्त्रालय | **सम्पन्न भएको** |

| | | | | |
|---|---|---|---|---|
| ४१७ | पुँजी बजारलाई पारदर्शी र प्रतिस्पर्धी बनाइ लगानीकर्ताको हित सुनिश्चित गरिनेछ। पुँजी बजारमा संस्थागत लगानीकर्तालाई प्रोत्साहित गरिनेछ। गैरआवासीय नेपालीलाई धितोपत्र बजारमा सूचीकृत भएका जलविद्युत र अन्य वास्तविक क्षेत्रका कम्पनीमा लगानी गर्न खुला गर्ने व्यवस्था मिलाइनेछ । धितोपत्र औजारहरूको विस्तार र विविधिकरण गरिनेछ । | १- निजी लगानीकर्ताहरूलाई नयाँ प्रविधिहरूमा आवश्यक ज्ञान र सम्पत्ति प्रबन्धन (एसेस्ट्स म्यानेजमेन्ट) का बाधाहरूलाई कम गर्न नीति तथा कार्यविधि तर्जुमा गरी कार्यन्वयन गर्नुपर्ने ।<br>२- पुँजी बजारमा संस्थागत लगानीकर्तालाई प्रोत्साहित गर्न आवश्यक नीति तथा कार्यविधि तर्जुमा गरी कार्यन्वयन गर्नुपर्ने ।<br>३- गैरआवासीय नेपालीलाई धितोपत्र बजारमा सूचीकृत भएका जलविद्युत र अन्य वास्तविक क्षेत्रका कम्पनीमा लगानी खुला गर्नका लागि प्रचलित विदेशी लगानी तथा प्रविधिसम्बन्धी ऐन र नियमावली लगायत धितोपत्रसम्बन्धी प्रचलित कानूनमा आवश्यक संशोधन गरी लागू गर्नुपर्ने ।<br>४- धितोपत्र औजारहरूको विस्तार र विविधिकरण गर्नका लागि सम्बन्धित विशेषज्ञहरु तथा निजी क्षेत्र<br>लगायतका  सरोकारवालाहरु समेत समावेश भएको समिति आर्थिक वर्ष २०८०-८१ शुरु भएको सरुआती<br>महिनाभित्रै गठन गर्नुपर्ने । सो समितिबाट प्राप्त सुझावहरु समावेश गरी मनासिब समयावधिभित्र धितोपत्र औजारहरूको विस्तार र विविधिकरणसम्बन्धी कानून तर्जुमा गरी लागू गर्नुपर्ने । | १. अर्थ मन्त्रालय<br>२. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय<br>३. धितोपत्र बोर्ड<br>४. नेप्से | **सम्पन्न भएको** |
| ४४९ | विद्यमान कर प्रणाली सुधारका लागि उच्चस्तरीय समिति गठन गरिनेछ। | सम्बन्धित विशेषज्ञहरु तथा निजी क्षेत्र लगायतका सरोकारवालाहरु समेत समावेश गरी एक उच्चस्तरीय समिति आर्थिक वर्ष २०८०-८१ को शुरुका महिनाभित्रै समिति गठन गरी समितिले दिएको सुझावका आधारमा काम अगाडि बढाउनुपर्ने। सो समितिबाट प्राप्त सुझावहरु समावेश गरी मनासिब समयावधि भित्र प्रचलित विभिन्न प्रत्यक्ष र अप्रत्यक्ष कर प्रणालालाई | १.अर्थ मन्त्रालय | **सम्पन्न भएको** |

| | | | | |
|---|---|---|---|---|
| | | सुधार गर्ने कार्यविधि तर्जुमा गरी निश्चित अवधिभित्र सुधार गर्नुपर्ने । | | |
| ४५२ | मूल्य अभिवृद्धि करमा दर्ता भइ वार्षिक एक करोड रूपैयाँसम्मको कारोबार गर्ने करदाताले हाल हरेक महिना कर र सोको विवरण पेश गर्ने व्यवस्था रहेकोमा अबदेखि चार-चार महिनामा पेश गर्ने व्यवस्था गरी कर सहभागिता लागत र समय घटाइ साना करदातालाई सुविधा दिने व्यवस्था मिलाएको छु। | मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ तथा मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम २६ संशोधन गरी मूल्य अभिवृद्धि करमा दर्ता भइ वार्षिक एक करोड रूपैयाँसम्मको कारोबार गर्ने करदाताले कर र सोको विवरण चार-चार महिनामा पेश गर्न मिल्ने व्यवस्था गर्नुपर्ने। | १. अर्थ मन्त्रालय<br>२. आन्तरिक राजस्व विभाग | **सम्पन्न भएको** |
| ४६१ | मूल्य अभिवृद्धि कर तथा अन्तःशुल्क छुट भएका वस्तु उत्पादन गरी निकासी गर्ने उद्योगले कच्चा पदार्थ खरिदमा तिरेको मूल्य अभिवृद्धि कर तथा अन्तःशुल्क फिर्ता दिने व्यवस्था मिलाइएको छ। | १. मूल्य अभिवृद्धि कर ऐन, २०५२ र अन्तःशुल्क ऐन, २०५८ को अनुसूची – १ मा मूल्य अभिवृद्धि कर रहेको वस्तुहरुको सूची अन्तर्गत उद्योगले कच्चा पदार्थ खरिदमा छूट हुने व्यवस्था समावेश गरी मूल्य अभिवृद्धि ऐन, २०५२ को अनुसूची – १ मा आवश्यक संशोधन गरी लागू गर्नुपर्ने।<br>२. मूल्य अभिवृद्धि कर तथा अन्तःशुल्क छुट भएका वस्तु उत्पादन गरी निकासी गर्ने उद्योगले कच्चा पदार्थ खरिदमा तिरेको मूल्य अभिवृद्धि कर तथा अन्तःशुल्क फिर्ता दिने व्यवस्थाहरुसम्बन्धी कार्यविधि तर्जुमा गरी कार्यन्वयन गर्नुपर्ने। | १. अर्थ मन्त्रालय<br>२. आन्तरिक राजस्व विभाग | **सम्पन्न भएको** |

| | | | | |
|---|---|---|---|---|
| ४८१ | गुणस्तर कमसल भएका, नक्कली तथा अवैधरूपमा पैठारी भएका मालवस्तुको प्रयोगमा नियन्त्रण तथा निरुत्साहन गरी उपभोक्ताको हित संरक्षणका लागि सम्वत् २०८० साउन १ गते पछि आयात भएका मालवस्तुको प्याकेजिङमा आयातकर्ता र बजार वितरकको लेबल लगाएर मात्र बजारमा पठाउन पाउने व्यवस्था मिलाएको छु। | १. उपभोक्ता संरक्षण ऐन, २०७५, उपभोक्ता संरक्षण नियमावली, २०७६, खाद्ध ऐन, २०२३, खाद्य नियमावली २०२७, सूर्तीजन्य पदार्थ (नियन्त्रण तथा नियमन) ऐन, २०६८ तथा स्याण्डर्ड नाप र तौल मोहरबन्द प्याकेज नियमावली, २०७६ मा भएको लेबलसम्बन्धी व्यवस्था प्रभावकारीरुपमा कार्यन्वयन गर्नुपर्ने ।<br>२. आयात भएका मालवस्तु मापदण्ड अनुसारको प्याकेजिङमा आयातकर्ता र बजार वितरकको लेबलसम्बन्धी व्यवस्था पालना भए नभएको सुपरीवेक्षण गरेपश्चात् मात्र बजारमा पठाउन पाउने गरी प्रणाली व्यवस्था गरी संचालन गर्नुपर्ने।<br>३. प्रचलित उपभोक्ता संरक्षण ऐन, २०७५ तथा उपभोक्ता संरक्षण नियमावली, २०७६ बमोजिम केन्द्रीय, प्रदेश र स्थानीय अनुगमन समिति तथा बजार अनुगमन टोली, निरिक्षण अधिकृतसमेतले भन्सार विभाग तथा कार्यालयहरुसँग समन्वय गरी आयत भएका मालवस्तुको प्याकजिङमा आयतकर्ता र बजार वितरकको लेबल लगाए नलगाएको यकिन गरी सो मालवस्तु बजारमा पठाउने व्यवस्था गर्नुपर्ने । | १. भन्सार विभाग तथा कार्यालयहरु<br>२.वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग<br>३. गुणस्तर तथा नापतौल विभाग<br>४. खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग<br>५. नेपाल उद्योग परिसंघ | **सम्पन्न भएको** |
| ४८५ | लघु, घरेलु तथा साना उद्योगको संरक्षण र प्रवर्द्धनका लागि यस्ता उद्योगले आफ्नो उत्पादन प्रयोजनको लागि पैठारी गर्ने घरायसी प्रयोजन हुने बाहेकका मिल/मेशिनरीमा एक प्रतिशत मात्र भन्सार महसुल लाग्ने व्यवस्था मिलाएको छु। | प्रचलित आर्थिक विधेयकको व्यवस्थाअनुसार लघु, घरेलु तथा साना उद्योगको संरक्षण र प्रवर्द्धनका लागि यस्ता उद्योगले आफ्नो उत्पादन प्रयोजनका लागि पैठारी गर्ने घरायसी प्रयोजन हुनेबाहेकका मिल/मेशिनरीमा एक प्रतिशत मात्र भन्सार महसुल लाग्ने व्यवस्था गरी लागू गर्नुपर्ने । | १. अर्थ मन्त्रालय<br>२. भन्सार विभाग | **सम्पन्न भएको** |

| | | | | |
|---|---|---|---|---|
| ८७ | गुणस्तरीय बीऊ बिजन आपूर्तिमा मुलुकलाई आत्मनिर्भर बनाउँदै लगिनेछ। गुणस्तरीय बीऊ बिजनको जातीय अनुसन्धान तथा विकासमा निजी क्षेत्रलाई प्रोत्साहित गरिनेछ। गुणस्तरीय र धेरै उब्जनी हुने बीऊ उत्पादकबाट किसानले खरिद गरेमा लागतको ५० प्रतिशत रकम सम्बन्धित स्थानीय तह मार्फत अनुदान उपलब्ध गराउन रु. ४० करोड विनियोजन गरेको छु। | १- गुणस्तरीय बीऊ बिजन आपूर्तिमा मुलुकलाई आत्मनिर्भर बनाउन सम्बन्धित विशेषज्ञहरु तथा निजी क्षेत्र लगायतका सरोकारवालाहरुको सुझाव लिई मनासिब समयावधिभित्र आवश्यक नीति तथा कार्यक्रम तर्जुमा गरी लागू गर्नुपर्ने ।<br><br>२- गुणस्तरीय बीऊ बिजनको जातीय अनुसन्धान तथा विकासमा निजी क्षेत्रलाई प्रोत्साहित गर्नका लागि सम्बन्धित विशेषज्ञहरु तथा निजी क्षेत्र लगायतका सरोकारवालाहरुको सुझाव लिइ मनासिब समयावधिभित्र आवश्यक  कार्यविधि तर्जुमा गरी लागू गर्नुपर्ने ।<br><br>३- गुणस्तरीय र धेरै उब्जनी हुने बीऊ उत्पादकबाट किसानले खरिद गरेमा लागतको ५० प्रतिशत रकम सम्बन्धित स्थानीय तहमार्फत अनुदान उपलब्ध गराउन छुट्टै कोष खडा गरी यस शिर्षकमा विनियोजित रु. ४० करोड रकमको उचित उपयोगसम्बन्धी आवश्यक कार्यविधि तर्जुमा गरी पारदर्शी रुपमा कार्यान्वयन गर्नुपर्ने । | १. कृषि तथा पशुपंक्षी विकास मन्त्रालय<br><br>२. कृषि विभाग | **सम्पन्न भएको** |
| ९८ | कृषि एवं पशुजन्य व्यवसायमा युवा जनशक्तिलाई आकर्षित गरी उद्यमशीलता विकास गर्न स्थानीय तहसँगको सहकार्यमा युवा स्टार्ट अप अनुदान कार्यक्रम सञ्चालनका लागि रु. १ अर्ब २० करोड विनियोजन गरेको छु। साना किसान उद्यम विकास कार्यक्रमलाई सबै स्थानीय तहमा क्रमशः विस्तार गरी वित्तीय पहुँच र उद्यमशीलताको कासमार्फत युवा जनशक्तिलाई कृषि क्षेत्रमा अभिप्रेरित गरिनेछ। | १- कृषि एवं पशुजन्य व्यवसायमा युवा जनशक्तिलाई आकर्षित गरी उद्यमशीलता विकास गर्न स्थानीय तहसँगको सहकार्यमा युवा स्टार्ट अप अनुदान कार्यक्रम सञ्चालनका लागि छुट्टै कोष खडा गरी विनियोजित रकम रु. १ अर्ब २० करोड जम्मा गर्नुपर्ने ।<br><br>२- माथि उल्लेखित विनियोजित रकमबाट विभिन्न कार्यक्रम सञ्चालन गर्न प्रादेशिक तथा  स्थानीय निकायहरुसँग सहकार्य गर्नुपर्ने ।<br><br>३- युवा स्टार्टअप अनुदान कार्यक्रम प्रभावकारीरुपमा | १. कृषि तथा पशुपंक्षी विकास मन्त्रालय<br><br>२. कृषि विभाग<br><br>३. प्रदेश सरकार तथा सम्बन्धित स्थानीय निकाय ।<br><br>४. उद्योग विभाग<br><br>५. नेपाल उद्योग परिसंघ | **सम्पन्न भएको**<br><br>**छनौट भएका २४५ उप आयोजनाहरुको सम्झौता सम्पन्न भई वस्तु तथा निर्माण कार्य सम्बन्धि खरिद सकिएको ।** |

| | | | | |
|---|---|---|---|---|
| | | सञ्चालनका लागि स्टार्टअपको क्षेत्रमा सक्रिय रुपमा कार्य गरिरहेका नेपाल उद्योग परिसंघलगायतका निजी क्षेत्रका संस्थालाई समेत संलग्न गराउनुपर्ने ।<br><br>४- साना किसान उद्यम विकास कार्यक्रमलाई सबै स्थानीय तहमा क्रमशः विस्तार गरी वित्तीय पहुँच र उद्यमशीलताको विकासमार्फत युवा जनशक्तिलाई कृषि क्षेत्रमा अभिप्रेरित गर्न आवश्यक कार्यविधि तर्जुमा गर्ने तथा कार्यन्वयन गर्नुपर्ने । | | |
| १७१ | श्रम बजारको मागअनुसारको सीपयुक्त जनशक्ति उत्पादन गर्ने नीति लिइनेछ। मौजुदा तालिम प्रदायक संस्थाहरूको पुनर्संरचना र एकीकरण गरी राष्ट्रिय व्यावसायिक सीप विकास प्रतिष्ठान गठन गरिनेछ। निजी क्षेत्रसँगको समन्वय र सहकार्यमा स्थानीय तहबाट व्यावसायिक सीपमूलक तालिम प्रदान गर्ने व्यवस्था मिलाइनेछ। | १. नेपाल उद्योग परिसंघ लगायत निजी क्षेत्रका विभिन्न संस्थाहरुसँगको सहकार्यमा संचालित श्रम बजारको मागसम्बन्धी सूचना पोर्टललाई सरकारले स्वामित्व ग्रहण गरी अद्यावधिक गर्नुपर्ने ।<br><br>२. निजीक्षेत्रको माग तथा रोजगार बजारको आवश्यकताअनुरुप सीपयुक्त जनशक्ति उत्पादनको पाठ्यक्रम विकास गरी लागू गरिनुपर्ने । विद्यमान पाठ्यक्रमहरुलाई समयसापेक्ष परिमार्जन गरिनुपर्ने।<br><br>३. मौजुदा तालिम प्रदायक संस्थाहरूको पुनर्संरचना र एकीकरण गरी राष्ट्रिय व्यावसायिक सीप विकास प्रतिष्ठान गठन गर्न निजी क्षेत्रसँगको समन्वयमा तत्काल आवश्यक कानुनी संरचना बनाइनुपर्ने।<br><br>४. स्थानीय तहबाट व्यावसायिक सीपमूलक तालिम प्रदानका लागि निजी क्षेत्रसँगको समन्वय र सहकार्यमा सीप विकास कार्यक्रमको खाका निर्माण गरी संचालनमा ल्याइनुपर्ने। | १. श्रम तथा रोजगार मन्त्रालय<br><br>२. शिक्षा मन्त्रालय<br><br>३. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय<br><br>४. प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद (सीटीईभीटी)<br><br>५. नेपाल उद्योग परिसंघ<br><br>६. स्थानीय तहहरु | **सम्पन्न भएको **<br><br>**राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान विकास समिति (गठन) आदेश २०८० जारी भई कार्यान्वयनमा आएको । व्यवसायिक र सीपमूलक तालिम सञ्चालन प्रक्रिया अघि बढेको ।** |

| | | | | |
|---|---|---|---|---|
| ४६ | आयोजनाको अनुगमन प्रणालीमा सुधार गरी नतिजामा आधारित बनाइनेछ। एक अर्ब रुपैयाँभन्दा बढी रकम विनियोजन भएका कार्यक्रम र आयोजनाको कार्यान्वयनको प्रभावकारिता अभिवृद्धि गर्न राष्ट्रिय योजना आयोगका सदस्यको नेतृत्वमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, अर्थ मन्त्रालय र सम्बन्धित मन्त्रालयको पदाधिकारी रहेको अनुगमन समिति बनाइनेछ। अनुगमन समितिले दिएको सुझाव तथा मार्गदर्शनलाई एकीकृत अनुगमन सूचना प्रणालीमा आबद्ध गरी कार्यान्वयनको अनुगमन गरिनेछ। | १- मन्त्रिपरिषदको निर्णयद्वारा अनुगमन समितिको स्थापना, कार्यक्षेत्र निर्धारण र समितिको संचालनसम्बन्धी निर्देशिका जारी गर्नुपर्ने । यस्तो अनुगमन समितिमा नेपालको निजी क्षेत्रबाट **नेपाल उद्योग परिसंघ**को प्रतिनिधिसमेत रहने व्यवस्था हुनुपर्ने ।<br>२- विकास आयोजनाको अनुगमन गर्न राष्ट्रिय योजना आयोगका सदस्यको नेतृत्वमा प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, अर्थ मन्त्रालय र सम्बन्धित मन्त्रालयको पदाधिकारी तथा निजी क्षेत्रको तर्फबाट नेपाल उद्योग परिसंघको प्रतिनिधि रहने गरी अनुगमन समिति बनाउनुपर्ने ।<br>३- विकास आयोजना कार्यान्वयन गर्ने निकाय वा व्यक्तिले नियमितरूपमा अनुगमन समितिलाई कार्यप्रगति विवरण पेश गर्नुपर्ने । अपेक्षित कार्य प्रगति नभए सोको कारण समेत खुलाउनुपर्ने ।<br>४- अनुगमन समितिलाई पेश गरिएको कार्यप्रगति विवरणको विश्लेषण र सारांश अनुगमन समितिले सार्वजनिक गर्नुपर्ने । | १- प्रधानमन्त्री तथा मन्त्री परिषदको कार्यालय<br>२- मन्त्रिपरिषदको निर्णयद्वारा स्थापित अनुगमन समिति<br>३- अर्थ मन्त्रालय<br>४- राष्ट्रिय योजना आयोग<br>५- नेपाल उद्योग परिसंघ | **ठूला आयोजना कार्यान्वयन अनुगमन तथा सहजीकरण निर्देशिका, २०८० जारी भई कार्यान्वयनमा आएको ।** |
| ११५ | जडीबुटीको व्यावसायिक खेती प्रवर्द्धन गर्न कर्णाली र सुदुरपश्चिम प्रदेशका सम्भाव्य स्थानीय तहमा गुणस्तरीय विरूवा उत्पादन र पकेट क्षेत्र विकास गर्न बजेट छुट्याएको छु। जडिबुटीको प्रशोधन र सारतत्व प्रमाणीकरण गरी निर्यात प्रवर्द्धन गर्न प्रोत्साहित गरिनेछ। | १. जडीबुटीको व्यावसायिक खेती प्रवर्द्धन गर्न कर्णाली र सुदूरपश्चिम प्रदेशका सम्भाव्य स्थानीय तहमा गुणस्तरीय बिरूवा उत्पादन र पकेट क्षेत्र विकास गर्न तथा जडिबुटीको प्रशोधन र सारतत्व प्रमाणीकरण गरी निर्यात प्रवर्द्धन गर्न सम्बन्धित विशेषज्ञहरु तथा निजी क्षेत्र सरोकारवालाहरुको सुझाव लिई मनासिब समयावधिभित्र कार्यविधि तर्जुमा गरी कार्यान्वयन गर्नुपर्ने । | १. वन तथा वातावरण मन्त्रालय<br>२. वन तथा वातावरण विभाग<br>३. वन कार्यालय<br>४. सम्बन्धित प्रादेशिक तथा स्थानीय | **सम्पन्न भएको \ ९४ हजार ६ सय भन्दा बढी जडिबुढीका विरुवा उत्पादन भएको । ४७२ जडिबुटीको नमूना** |

| | | | | |
|---|---|---|---|---|
| | | | निकायहरु | **विश्लेषण, प्रमाणिकरण गुण नियन्त्रण तथा सिफारिस भएको । जडिबुटी पकेट क्षेत्र प्रवद्र्धन कार्यक्रम सञ्चालन गर्न सहकारी तथा समूह छनौट भई सम्झौता भएको ।** |

## २) आंशिक कार्यान्वयन भएका नीति र कार्यक्रम

| बजेटको बुँदा नं. | बजेटले गरेको प्रावधान | गर्नुपर्ने कार्य | सम्बन्धित निकायहरु | प्रगति अवस्था |
|---|---|---|---|---|
| ३३ | वातावरणीय प्रभाव मूल्याङ्कन गर्न वन क्षेत्रमा प्रवेश गर्दा नै कटान हुने रुखको सङ्ख्या र जात तथा प्रयोग हुने वनको क्षेत्रफल यकिन गर्ने लगायतका कार्य एकैपटक सम्पन्न गर्ने गरी कानूनी व्यवस्था मिलाइनेछ।<br><br>वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन स्वीकृतिका लागि रीतपूर्वक पेश भएकोमा तीस दिनभित्र वन तथा वातावरण मन्त्रालयले निर्णय दिइसक्नुपर्ने व्यवस्था गरिनेछ।<br><br>वातावरणीय प्रभाव मूल्याङ्कनबमोजिम कटान गर्नुपर्ने रुखको सङ्ख्यामा दश प्रतिशतसम्म फरक परेमा पूरक वातावरणीय प्रभाव मूल्याङ्कन गर्नु नपर्ने गरी कानूनमा सुधार गरिनेछ। | १. वातावरणीय प्रभाव मूल्याङ्कन गर्न वन क्षेत्रमा प्रवेश गर्दा नै कटान हुने रुखको सङ्ख्या र जात तथा प्रयोग हुने वनको क्षेत्रफल यकिन गर्ने लगायतका कार्य एकैपटक सम्पन्न गर्नका लागि वातावरण संरक्षण ऐन, २०७६ तथा वातावरण संरक्षण नियमावली, २०७७ मा आवश्यक संशोधन गर्नुपर्ने।<br><br>२. वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन स्वीकृतिका लागि रीतपूर्वक पेश भएकोमा तीस दिनभित्र वन तथा वातावरण मन्त्रालयले निर्णय दिइसक्नुपर्ने व्यवस्था गर्न वातावरण संरक्षण नियमावली, २०७७ मा आवश्यक संशोधन गर्नुपर्ने।<br><br>३. वातावरणीय प्रभाव मूल्याङ्कनबमोजिम कटान गर्नुपर्ने रुखको सङ्ख्यामा दश प्रतिशतसम्म फरक परेमा पूरक वातावरणीय प्रभाव मूल्याङ्कन गर्नु नपर्ने व्यवस्था गर्न वातावरण संरक्षण ऐन, २०७६ को दफा ११ मा आवश्यक संशोधन गर्नुपर्ने । | १. वन तथा वातावरण मन्त्रालय<br><br>२. वन तथा वातावरण विभाग | **कानुन निर्माण हुन नसकेको ।**<br><br>**वातावरण संरक्षण नियमावली संसोधनका लागि मस्यौदा तयार भएको। अन्य प्रगति नदेखिएको ।** |

| | | | | |
|---|---|---|---|---|
| ३४ | वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन स्वीकृत भएपश्चात् नेपाल सरकारबाट वन क्षेत्रको प्रयोग र रुख कटानीको स्वीकृति एकैपटक हुने व्यवस्था मिलाइनेछ। यसरी स्वीकृति प्राप्त भएपछि पन्ध्र दिनभित्र रुख कटानीको आदेश दिनुपर्ने व्यवस्था गरिनेछ। यसबाट वन क्षेत्रको भोगाधिकार र रूख कटानको स्वीकृतिको प्रक्रिया सरलीकृत भई आयोजना कार्यान्वयनले गति लिने विश्वास लिएको छु। | १. वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन स्वीकृत भएपश्चात नेपाल सरकारबाट वन क्षेत्रको प्रयोग र रुख कटानीको स्वीकृति एकैपटक हुने व्यवस्था गर्न वन ऐन, २०७६, वन नियमावली, २०७९, वातावरण संरक्षण ऐन, २०७६ तथा वातावरण संरक्षण ऐन, २०७६ मा आवश्यक संशोधन गर्नुपर्ने । | १. वन तथा वातावरण मन्त्रालय<br>२. वन तथा वातावरण विभाग | **वन ऐन, र वन नियमावली संशोधन हुन नसकेको । वातावरण संरक्षण नियमावली संसोधनका लागि मस्यौदा तयार भएको।** |
| ३५ | संघ, प्रदेश र स्थानीय तहका प्राथमिकता प्राप्त आयोजनाका लागि वन क्षेत्रको प्रयोग गर्दा वन विकास कोषमा रकम जम्मा गर्नुपर्ने विद्यमान कानूनी व्यवस्था खारेज गरिनेछ। आयोजना निर्माणको लागि वन क्षेत्र प्रयोग गरेवापत नियमानुसार वृक्षारोपण गर्न निकुञ्ज र संरक्षण क्षेत्रनजिक जग्गा प्राप्त नभएमा एक ठाउँमा एक हेक्टर भन्दा कम नहुने गरी अन्यत्र पनि वृक्षारोपण गर्न सकिने कानूनी व्यवस्था गरिनेछ। | १. संघ, प्रदेश र स्थानीय तहका प्राथमिकता प्राप्त आयोजनाका लागि वन क्षेत्रको प्रयोग गर्दा वन विकास कोषमा रकम जम्मा गर्नुपर्ने विद्यमान कानूनी व्यवस्था खारेज गर्न तथा आयोजना निर्माणको लागि वन क्षेत्र प्रयोग गरेवापत नियमानुसार वृक्षारोपण गर्न निकुञ्ज र संरक्षण क्षेत्रनजिक जग्गा प्राप्त नभएमा एक ठाउँमा एक हेक्टरभन्दा कम नहुने गरी अन्यत्र पनि वृक्षारोपण गर्न सकिने कानूनी व्यवस्था गर्न वन ऐन, २०७६ को दफा ४२ मा आवश्यक संशोधन गर्नुपर्ने । | १. वन तथा वातावरण मन्त्रालय<br>२. वन तथा वातावरण विभाग | **वन ऐन संसोधनको तयारी अघि बढेको । अन्य प्रगति नदेखिएको ।** |
| ३९ | खरिद प्रक्रियामा देखिएका समस्या समाधान गरी सार्वजनिक खरिदलाई सरल, पारदर्शी र प्रभावकारी बनाउन ऐन र नियमावलीमा | १- सार्वजनिक निकाय तथा सम्बन्धित निजी क्षेत्रका सरोकारवालाहरुले सार्वजनिक खरिद प्रक्रियामा भोगेका समस्याहरु पहिचान गरी समाधान गर्न तथा सार्वजनिक खरिदलाई सरल, पारदर्शी र प्रभावकारी बनाउन तथा ई- | १- प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय | **सार्वजनिक खरिद ऐन\ नियमावली संशोधनका लागि प्रारम्भिक मस्यौदा** |

| | | | | |
|---|---|---|---|---|
| | आवश्यक परिमार्जन गरिनेछ। ई-विडिङलाई थप व्यवस्थित गरी सबै सार्वजनिक निकायमा विस्तार गरिनेछ। | विडिङलाई थप व्यवस्थित गरी सबै सार्वजनिक निकायमा विस्तार गर्न सार्वजनिक निकाय, सम्बन्धित निजी सरोकारवालाहरु तथा विशेषज्ञको समिति बनाउनुपर्ने । सो सिमितिको सिफारिस बमोजिम कानूनमा आवश्यक संशोधन गर्नुपर्ने ।<br><br>२- निर्माण गुणस्तरका साथै निर्माण व्यवसायीहरुको क्षमतामा सुधारमा समेत बाधा बनेको कम अंकको बोलकबोलमा आधारित ठेक्का प्रक्रियामा रुपान्तरणका लागि ‘लो बिडिङ’ को सट्टा कन्ट्र्याक्टरको क्षमता र ट्र्याक रेकर्डलाई समेत अंकभार मानेर परियोजना निर्माणको ठेक्का दिनेगरी विद्यमान सार्वजनिक खरिद ऐन तथा नियमावलीमा संशोधन गर्नुपर्ने। औसत बोलकबोलभन्दा २०% तलका (कम मूल्यका) प्रस्तावहरुलाई खारेज गर्नुपर्ने।<br><br>३- सार्वजनिक खरिदका लागि मेकइन नेपाल- स्वदेशी अभियानले तयार गरेको बि-टु-बी पोर्टललाई मान्यता दिनु पर्ने वा सरकारले केन्द्रिकृत खरिद पोर्टलको विकास गर्ने गरी कानुनमा सुधार गर्ने पर्ने। | २- सार्वजनिक खरिद अनुगमन कार्यालय । | **तयार भई प्रधानमन्त्री कार्यालयमा पठाइएको।**<br><br>**रु २० लाखभन्दा माथिको खरिदमा ई-बिडिङ अनिवार्य गरिएको ।** |
| ६७ | प्रधानमन्त्री नेपाली उत्पादन तथा उपभोग अभिवृद्धि कार्यक्रममार्फत आन्तरिक उत्पादन र उपभोगलाई प्रोत्साहन गरिनेछ। स्वदेशी कच्चा पदार्थमा आधारित लघु, घरेलु, साना र मझौला उद्योगलाई प्रशोधन र प्रविधि स्तरोन्नतिका साथै भण्डारण र बजारीकरणमा सहयोग गरिनेछ। कृषि, तयारी पोशाक, औषधि, फुटवेयर लगायतका उच्च आन्तरिक खपत भएका उद्योगलाई प्रोत्साहन | १- स्वदेशी कच्चा पदार्थमा आधारित लघु, घरेलु, साना र मझौला उद्योगलाई प्रशोधन र प्रविधि स्तरोन्नतिका साथै भण्डारण र बजारीकरणमा सहयोग गर्न विभिन्न वैज्ञानिक नीति तथा कार्यक्रम तत्काल अवलम्ब गरी लागू गर्ने ।<br><br>२- कृषि, तयारी पोशाक, औषधि, फुटवेयर लगायतका उच्च आन्तरिक खपत भएका उद्योगलाई प्रोत्साहन दिन विभिन्न कार्यक्रमहरु सञ्चालन गर्नुपर्ने ।<br><br>३- सरकारी निकायमा स्वदेशमा उत्पादित वस्तुहरू प्रयोग गर्नेसम्बन्धी कार्यविधि तत्काल तर्जुमा गरी लागू गर्ने तथा आवश्यक प्रशासनिक व्यवस्था मिलाउनुपर्ने। | १. प्रधानमन्त्री तथा मन्त्री परिषदको कार्यालय ।<br><br>२. अर्थ मन्त्रालय<br><br>३. सार्वजनिक खरिद अनुगमन कार्यालय | **प्रधानमन्त्री राष्ट्रिय उत्पादन तथा उपभोग अभिवृद्धि कार्यक्रमका लागि रु ५० करोड विनियोजन भएकोमा कार्यविधि स्विकृतिमा ढिलाई ।**<br><br>**अर्थ र कानून मन्त्रालयबाट राय लिइ मन्त्रिपरिषद्कको** |

| | | | | |
|---|---|---|---|---|
| | गरिनेछ। सरकारी निकायमा स्वदेशमा उत्पादित वस्तुहरू प्रयोग गर्ने व्यवस्था मिलाइनेछ। यस कार्यक्रमको लागि रु. ५० करोड विनियोजन गरेको छु। | ४- प्रधानमन्त्री नेपाली उत्पादन तथा उपभोग अभिवृद्धि कार्यक्रमको लागि विनियोजित रु. ५० करोडको छुटै कोष स्थापना गरी जम्मा गर्नुपर्ने।<br><br>५- बजेटमा भएको व्यवस्थाबमोजिमका स्वदेशी उत्पादन सरकारी निकायहरुले प्रयोग गरे/नगरेको नियमित अनुगमन गरी कडाइका साथ पालना गरिनुपर्ने । | | **कार्यालयमा कार्यविधि पठाइएको।** |
| ६८ | सरकारको कुल पुँजीगत बजेटको न्यूनतम एक प्रतिशत रकम अनुसन्धान, नवप्रवर्तन र आविष्कारमा खर्च गर्ने नीति लिइनेछ। अनुसन्धान, नवप्रवर्तन र आविष्कारका लागि छुट्टै कोष स्थापना गर्न रु. एक अर्ब विनियोजन गरेको छु। कोष सञ्चालन गर्न आवश्यक कानून तर्जुमा गरिनेछ। सरकारका विभिन्न निकायबाट हुने अनुसन्धान, नवप्रवर्तन र आविष्कारसम्बन्धी कार्यक्रमलाई यसमा आबद्ध गर्दै लगिनेछ। प्रदेश र स्थानीय तहलाई यस कोषमा रकम जम्मा गर्न प्रोत्साहित गरिनेछ। नवप्रवर्तन, आविष्कार र अनुसन्धानसम्बन्धी कार्यमा समन्वय एवं सहजीकरण गर्न शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयमा छुट्टै इकाइ स्थापना गरिनेछ। | १- सरकारको कुल पुँजीगत बजेटको न्यूनतम एक प्रतिशत रकम अनुसन्धान, नवप्रवर्तन र आविष्कारमा खर्च गर्नेसम्बन्धी नीति तर्जुमा गरी लागू गर्नुपर्ने ।<br><br>२- अनुसन्धान, नवप्रवर्तन र आविष्कारका लागि छुट्टै कोष स्थापना गरी सो कोषमा विनियोजित एक अर्ब जम्मा गर्नुपर्ने । कोष सञ्चालन गर्न आवश्यक कानून तर्जुमा गरि लागू गर्नुपर्ने।<br><br>३- सरकारका विभिन्न निकायबाट हुने अनुसन्धान, नवप्रवर्तन र आविष्कारसम्बन्धी कार्यक्रमलाई सरकारले स्थापना गरेको कोषमा आवद्ध गर्नुपर्ने।<br><br>४- प्रदेश र स्थानीय तहलाई नेपाल सरकारको कोषमा रकम जम्मा गर्न प्रोत्साहित गर्न विभिन्न कार्यक्रमहरु गर्नुपर्ने ।<br><br>५- नवप्रवर्तन, आविष्कार र अनुसन्धानसम्बन्धी कार्यमा समन्वय एवं सहजीकरण गर्न शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयमा छुट्टै विशेष इकाइ स्थापना गर्नुपर्ने ।<br><br>६- सरकारका विभिन्न निकायबाट हुने अनुसन्धान, नवप्रवर्तन र आविष्कारसम्बन्धी कार्यक्रमलाई प्रोत्साहित गर्ने नीति तर्जुमा गरी लागु गर्नुपर्ने । | १. नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय<br><br>२- उद्योग विभाग | **विज्ञान प्रविधि तथा नवप्रवर्तनसम्बन्धी विधेयक २०८१ र व्यवहारिक विज्ञान प्रविधि तथा उद्यमोदय कोष सम्बन्धी विधेयक २०८१ मस्यौदा तयार ।**<br><br>**कानुन तयार नभएको कारण अन्य काम अघि बढ्न नसकेको।** |

| | | | | |
|---|---|---|---|---|
| ६९ | मुलुकमा नवप्रवर्तन र उद्यमशीलता प्रवर्द्धन गर्न स्टार्टअप इको सिस्टम विकास गरिनेछ।<br><br>उद्यमशील सोच र संस्कृतिको विकास एवं उद्यमशील सोचलाई व्यवसायमा रुपान्तरण गर्न काठमाडौंमा इन्क्युवेसन सेण्टर सञ्चालन गरिनेछ।<br><br>भेन्चर क्यापिटल र प्राइभेट इक्विटी फन्डलाई स्टार्टअप व्यवसायमा लगानी गर्न प्रोत्साहित गरिनेछ।<br><br>विदेशी लगानी कम्पनीहरूमार्फत प्रवाह हुने वैदेशिक लगानीलाई प्रोत्साहन गरी नवप्रवर्तन र उद्यमशीलता विकासमा परिचालन गरिनेछ।<br><br>स्टार्टअपलाई प्रोत्साहन गर्न रु. १ अर्ब २५ करोड विनियोजन गरेको छु। | १- मुलुकमा नवप्रवर्तन र उद्यमशीलता प्रवर्द्धन गर्न स्टार्टअप ईको सिस्टम विकास गर्न आवश्यक कार्यविधि तर्जुमा गरी लागू गर्नुपर्ने ।<br><br>२- नेपाल उद्योग परिसंघले उठान गरेको **'एक्सिलेन्स फर इन्डष्ट्रियल सेन्टर'** स्थापना गर्न जग्गाको उपलब्धतासहित सहयोग गरिनुपर्ने।<br><br>३- उद्यमशील सोच र संस्कृतिको विकास एवं उद्यमशील सोचलाई व्यवसायमा रुपान्तरण गर्न काठमाडौंमा इन्क्युबेसन सेण्टर स्थापना गर्नका लागि आवश्यक कार्यविधि तर्जुमा गरी लागू गर्नुपर्ने। नेपाल उद्योग परिसंघ लगायत निजी क्षेत्रको सहभागिता तथा नेतृत्वमा सातै प्रदेशमा इन्क्युवेशन सेन्टर प्रभावकारीरुपमा संचालनमा ल्याइनुपर्ने।<br><br>४- भेन्चर क्यापिटल र प्राइभेट इक्विटी फन्डलाई स्टार्टअप व्यवसायमा लगानी गर्न प्रोत्साहित गर्न विभिन्न नीति तथा कार्यक्रम तर्जुमा गरी लागू गर्नुपर्ने ।<br><br>५- विदेशी लगानी कम्पनीहरूमार्फत प्रवाह हुने वैदेशिक लगानीलाई प्रोत्साहन गरी नवप्रवर्तन र उद्यमशीलता विकासमा परिचालन गर्न विभिन्न नीति तथा कार्यक्रम तर्जुमा गरी लागू गर्नुपर्ने ।<br><br>६- स्टार्टअपलाई प्रोत्साहन गर्न विनियोजित रु. १ अर्ब २५ करोडलाई छुटै स्टार्टअप प्रोत्साहन कोषमा स्थापना गरी जम्मा गर्नुपर्ने र सो रकमको उचित उपयोगका लागि नीति तथा कार्यविधि तर्जुमा गरी पारदर्शीरुपमा कार्यान्वयन गर्नुपर्ने । | १- उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय<br><br>२- उद्योग विभाग<br><br>३ – धितोपत्र बोर्ड<br><br>४ – नेपाल राष्ट्र बैंक<br><br>३- नेपाल उद्योग परिसंघ | **स्टार्टप कार्यविधिको बनेको। राय प्राप्त नभएर पारित हुने क्रममा रहेको। बाँकी काम सुरू भएको। स्टार्टप उद्यमको लागि प्रस्ताव मूल्यांकन गरिएको। १६५८ स्टार्टअप प्रस्ताव मध्ये १८३ परियोजनालाई स्टार्टअप उद्यम कर्जाका लागि योग्य भई सिफारिस भएका। ती मध्ये १६५ परियोजनाले स्टार्टअप उद्यम कर्जा प्राप्त गरेका ।** |
| ७५ | सूचना प्रविधि उद्योगमा वैदेशिक लगानीको सीमा हटाइनेछ। सूचना प्रविधि सेवा निर्यात गर्ने उद्देश्यले | १- विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५ को दफा ३ को उपदफा (३) ले दिएको अधिकार प्रयोग गरी विदेशी लगानीको न्यूनतम सीमाको व्यवस्था औद्योगिक | १- उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | **लगानी सहजीकरणसम्बन्धी केहि नेपाल ऐनलाई** |

| | | | | |
|---|---|---|---|---|
| | सञ्चालित उद्योगलाई तेस्रो मुलुकमा सम्पर्क कार्यालय स्थापना गर्न र सफ्टवेयर वा प्रोग्राम खरीद तथा उपकरण जडान गर्न उद्योगले गरेको विदेशी मुद्रा आर्जनको दश प्रतिशतसम्म विदेशी मुद्रा सटही सुविधा उपलब्ध गराइनेछ। | व्यवसाय ऐन २०७५ को अनुसूची ७ मा उल्लेखित सूचना प्रविधि, सञ्चार प्रविधि तथा सूचना प्रसारण प्रविधिमा आधारित उद्योगमा लागू नहुने व्यवस्था गरी नेपाल राजपत्रमा सूचना प्रकाशन गर्नुपर्ने ।<br><br>२- विदेशी लगानी गर्न प्रतिबन्ध लगाउने ऐन, २०२१ लाई खारेज गर्नुपर्ने ।<br><br>३- विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा १०क. बमोजिम नेपाल राष्ट्र बैंकले कुनै व्यक्तिले विदेशमा उत्पादनमूलक, निर्माण व्यवसाय तथा सूचना प्रविधि क्षेत्रहरुमा लगानी गर्न पाउने गरी सार्वजनिक सूचना प्रकाशन गर्नुपर्ने ।<br><br>४- सूचना प्रविधि सेवा निर्यात गर्ने उद्देश्यले सञ्चालित उद्योगलाई तेस्रो मुलुकमा सम्पर्क कार्यालय स्थपना गर्न र सफ्टवेयर वा प्रोग्राम खरीद तथा उपकरण जडान गर्न उद्योगले गरेको विदेशी मुद्रा आर्जनको दश प्रतिशतसम्म विदेशी मुद्रा सटही सुविधा उपलब्ध गराउन नेपाल राष्ट्र बैंकको एकिकृत परिपत्र २०७९ को परिपत्र नं. ७।२०७९ विदेशी मुद्रा सटहीसम्बन्धी व्यवस्थामा आवश्यक संशोधन गर्ने । | २- उद्योग विभाग<br><br>३- नेपाल राष्ट्र बैंक | **संशोधन गर्न बनेको ऐनमार्फत् विदेशमा शाखा खोल्न पाउने तथा विदेशी मुद्रासटही सम्बन्धी व्यवस्थामा आंशिक सम्बोधन ।** |
| ७७ | पूर्वाधार आयोजनामा निजी पुँजी परिचालन गर्न स्वदेशी तथा विदेशी लगानीकर्ताको सहभागितामा पूर्वाधार फन्ड स्थापनासम्बन्धी कानूनी व्यवस्था गरिनेछ। राष्ट्रिय महत्त्वका आयोजनामा भाएविलिटि ग्याप फन्डिङको व्यवस्था गरी निजी क्षेत्रलाई आकर्षित गरिनेछ। राष्ट्रिय | १. पूर्वाधार आयोजनामा निजी पुँजी परिचालन गर्न स्वदेशी तथा विदेशी लगानीकर्ताको सहभागितामा पूर्वाधार फन्ड स्थापनासम्बन्धी आवश्यक ऐन नियमावली तर्जुमा गरी लागू गर्नुपर्ने ।<br><br>२. राष्ट्रिय महत्त्वका आयोजनामा भाएविलिटि ग्याप फन्डिङ (भीजीएफ)को व्यवस्था गर्न आवश्यक ऐन नियमावली तर्जुमा गरी लागू गर्नुपर्ने। | १- उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय<br><br>२- भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय<br><br>३- उद्योग विभाग | **उल्लेख्य प्रगति नदेखिएको । भायबिलिटी ग्याप फन्डिङ र समिश्रित वित्त (ब्लेन्डेड फाइनान्स)को विषय चालु आर्थिक वर्षको बजेटमा परेको । कानूनी सुधारका लागि** |

| | | | | |
|---|---|---|---|---|
| | महत्त्वका ठूला पूर्वाधार आयोजनामा सार्वजनिक निजी साझेदारी अन्तर्गत हाइब्रिड एन्युटी मोडलबाट निर्माण गर्न सक्ने गरी कानूनी व्यवस्था गरिनेछ। | ३. राष्ट्रिय महत्त्वका ठूला पूर्वाधार आयोजनामा सार्वजनिक निजी साझेदारीअन्तर्गत हाइब्रिड एन्युटी मोडलबाट निर्माण गर्न सक्ने गरी आवश्यक ऐन नियमावली तर्जुमा गरी लागू गर्नुपर्ने । | ४- लगानी बोर्ड<br><br>५- धितो पत्रबोर्ड | **सल्लाहकार समिति बनेको।** |
| ८१ | लगानीको वातावरण सुधार गर्न मुलुकको कन्ट्री क्रेडिट रेटिङ गर्ने प्रक्रिया अगाडि बढाइनेछ। विदेशी लगानीकर्ताहरूका लागि विदेशी विनिमय जोखिम न्यूनीकरण गर्न हेजिङ गर्ने संस्था तोकी हेजिङ सेवा उपलब्ध गराइनेछ। | १- अन्तरराष्ट्रिय क्रेडिट रेटिङ एजेन्सीलाई तत्काल नियुक्त गरी नेपालको क्रेडिट रेटिङसम्बन्धी प्रक्रिया तत्काल सम्पन्न गर्नुपर्ने ।<br><br>२- हेजिङ गर्ने सम्भावित संस्थाहरूको गुनासोहरू सम्बोधन गरी सो संस्थाहरूरहेका अस्पष्ट प्रावधानहरू संशोधनद्वारा परिवर्तन गरी स्पष्ट प्रावधान राख्नुपर्ने ।<br><br>३- हेजिङ सुविधा प्राप्त गर्न कुनै ऋणीले अपनाउनुपर्ने निश्चित प्रक्रिया, सरकारले हेजिङ शुल्क बेहोर्ने स्थितिहरू र कुन हदसम्म बेहोर्ने, नेपाल विद्युत प्राधिकरण जस्ता निकाय व्यवसायिक संस्था हुन सक्ने  वा नसक्ने जस्ता हेजिङ नियमावली २०७९ मा<br><br>४- हेजिङ नियमावली, २०७९ लाई माथि बुँदा नं ३ मा सुझाइएका विषयहरु समेत स्पष्ट हुनेगरी सरकारले शिघ्र यससम्बन्धी स्पष्टीकरण पत्र जारी गर्नुपर्ने । को आवेदन आमन्त्रण गरी हेजिङ संस्था द्रुतरूपमा स्थापना गर्नुपर्ने । | १- अर्थ मन्त्रालय<br><br>२- नेपाल राष्ट्र बैंक | **सुरु भएको**<br><br>**सार्वभौम क्रेडिट रेटिङ’ क्षमता विकास कार्यशाला आयोजना गरेको** |
| ८३ | स्वदेशी उत्पादनलाई प्रवर्द्धन र विस्तार गर्न निजी क्षेत्रबाट अगाडि बढाइएका **मेक इन नेपाल** र **मेड इन नेपाल** अभियानलाई प्रोत्साहित गरिनेछ। गैरआवासीय नेपालीको पुँजी, प्रविधि, अनुभव र सीपलाई | १- मेक इन नेपाल र मेड इन नेपालको व्यापकरुपमा प्रवर्द्धन र विस्तार गर्न विभिन्न सरोकारवालाहरुसँग परामर्श गरी कार्यविधि तर्जुमा गरी कार्यक्रमहरु सञ्चालन गर्नुपर्ने । | १- उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय<br>२- उद्योग विभाग<br>३- लगानी बोर्ड<br>४- नेपाल उद्योग परिसंघ | **CNI सँगको सहकार्यमा मेक इन नेपाल मेड इन नेपाल स्वदेशी सम्मेलन, २०२४ र Startup Fest,** |

| | | | | |
|---|---|---|---|---|
| | राष्ट्रिय विकासमा प्राथमिकताका साथ परिचालन गरिनेछ। | २- मेक इन नेपाल स्वदेशी अभियान सफल र प्रभावकारी रुपमा संचालनका लागि निशर्त वित्तीय अनुदान उपलब्ध गराउनुपर्ने ।<br>३- विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन २०७५ को दफा २(ट) मा "विदेशी लगानीकर्ता" को परिभाषाबाट गैरआवसीय नेपाली भन्ने शब्द हटाउनुपर्ने ।<br>४- विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन २०७५ को दफा २(ट) मा " गैरआवासीय नेपाली लगानीकर्ता" को परिभाषा थप्नुपर्ने।<br>५- विदेशी लगानी तथा प्रविधि हस्तानतरण ऐन २०७५ को दफा ३क. मा संशोधन गरी गैरआवासीय नेपाली लगानीकर्ताले विदेशी परिवर्त्य मुद्रामा नेपालमा लगानी गर्दा लगानीको न्यूनतम सीमा, स्वीकृतिको प्रक्रिया, लगानी तथा आर्जित रकम फिर्ता लाने व्यवस्था तथा अन्य व्यवस्थाहरु नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी छुट्टै व्यवस्था गर्नुपर्ने ।<br>६- गैरआवासीय नेपालीको पुँजी, प्रविधि, अनुभव र सीपलाई राष्ट्रिय विकासमा प्राथमिकताका साथ परिचालन गर्न आवश्यक नीति तथा कार्यक्रम तर्जुमा गरी लागू गर्नुपर्ने । | ५- अर्थ मन्त्रालय | **2024 सम्पन्न गरिएको । लगानी सहजीकरण सम्बन्धी केही नेपाल ऐन संशोधनमार्फत् आंशिक सम्बोधन** |
| ८५ | **'उत्पादन साथमा, अनुदान हातमा**' भन्ने नाराका साथ कृषि अनुदानलाई उत्पादनमा आधारित बनाइनेछ। बीऊ खरिद, रासायनिक मल, बीमा र यान्त्रिकीकरणमा दिइँदै आएको अनुदान बाहेकका बाँकी सबै प्रकारका कृषि अनुदानलाई उत्पादनमा आधारित बनाइनेछ। यसबमोजिम अनुदान प्रणालीलाई व्यवस्थित र पारदर्शी बनाउन आगामी साउन मसान्तभित्र नयाँ | १- बीऊ खरिद, रासायनिक मल, बीमा र यान्त्रिकीकरणमा दिइँदै आएको अनुदानबाहेकका बाँकी सबै प्रकारका कृषि अनुदानलाई उत्पादन आधारित बनाउन प्रदेश तथा स्थानीय तहमा वित्तीय हस्तान्तरणसहित कृषि विकास कार्यक्रम संचालनसम्बन्धी<br>कार्यविधि, २०७९ को दफा ४ मा संशोधन गर्नुपर्ने।<br>२- यसबमोजिम अनुदान प्रणालीलाई व्यवस्थित र पारदर्शी बनाउन आगामी साउन मसान्तभित्र सम्बन्धित | १. कृषि तथा पशुपंक्षी विकास मन्त्रालय<br>२. कृषि विभाग<br>३. सम्बन्धित प्रदेश तथा<br>स्थानिय निकाय | **स्थानीय तहहरुले कृषि उत्पादनमा आधारित अनुदान वितरण सम्बन्धी कार्यविधि जारी गरेर कार्यान्वयन गरिरहेको ।** |

| | | | | |
|---|---|---|---|---|
| | मापदण्ड र कार्यविधि तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ। यसबाट कृषिमा प्रदान गरिँदै आएको अनुदान सदुपयोग नभएको भन्ने आम गुनासो सम्बोधन हुने र वास्तविक किसान लाभान्वित भइ कृषि उत्पादन बढाउन सघाउ पुग्ने अपेक्षा गरेको छु। प्रदेश तथा स्थानीय तहले समेत उत्पादनमा आधारित कृषि अनुदान प्रणाली अबलम्बन गर्ने विश्वास लिएको छु। | विशेषज्ञहरु तथा निजी क्षेत्र लगायतका सरोकारवालाहरुको सुझाव लिइ आवश्यक नयाँ मापदण्ड र कार्यविधि तर्जुमा गरी कार्यान्वयनमा गर्नुपर्ने ।<br>३- प्रदेश तथा स्थानीय तहले समेत उत्पादनमा आधारित कृषि अनुदान प्रणाली अबलम्बन गर्नका लागि सम्बन्धित विशेषज्ञहरु तथा निजी क्षेत्र लगायतका सरोकारवालाहरुको सुझाव लिइ मनासिब समयावधिभित्र आवश्यक आवश्यक नीति तर्जुमा गरी लागू गर्नुपर्ने । | | |
| ८९ | किसानलाई रासायनिक मलमा अनुदान दिन रु. ३० अर्ब विनियोजन गरेको छु । रासायनिक मल खरिद प्रक्रियामा सुधार गरी समयमा नै आपूर्ति सुनिश्चित गरिनेछ। मल आपूर्ति र वितरण प्रक्रियालाई व्यवस्थित र पारदर्शी बनाइनेछ। स्वदेशमा नै रासायनिक मल कारखाना स्थापना गर्न विस्तृत परियोजना प्रतिवेदन तयार गरी सार्वजनिक निजी साझेदारीमा लगानी बोर्डमार्फत काम अगाडि बढाइनेछ। | १- किसानलाई रासायनिक मलमा अनुदान दिन कार्यविधि तर्जुमा गरी पारदर्शी रुपमा कार्यान्वयन गर्नुपर्ने ।<br>२- रासायनिक मल खरिद प्रक्रियामा सुधार गरी समयमा नै आपूर्ति सुनिश्चित गराउन कार्यविधि तर्जुमा गरी लागु गर्नुपर्ने ।<br>३- मल आपूर्ति र वितरण प्रक्रियालाई व्यवस्थित र पारदर्शी बनाउन कार्यविधि तर्जुमा गरी लागु गर्नुपर्ने ।<br>४- समयमै र मागबमोजिम आवश्यक परिमाणमा रसायनिक मलको आपूर्ति सुनिश्चित गर्न निजी क्षेत्रलाई पनि मल आयात तथा व्यापारमा सहजीकरण गरिनुपर्ने ।<br>५- स्वदेशमा नै रासायनिक मल कारखाना स्थापना गर्न विस्तृत परियोजना प्रतिवेदन तयार गरी सार्वजनिक निजी साझेदारीमा लगानी बोर्ड मार्फत काम अगाडि बढाउन कार्यक्रम तर्जुमा गरी लागू गर्नुपर्ने । | १. कृषि तथा पशुपंक्षी विकास मन्त्रालय<br>२. कृषि विभाग | **काम भइरहेको/ आव ०८०।८१ को असार मसान्तसम्ममा ४ लाख ५६ हजार मे.टन मल विक्री वितरण भएको/ कृषकहरुको माग र रसायनिक मलको उपलब्धता अनुसार मल विक्री वितरण गरिने हुँदा लक्ष्यभन्दा कम प्रगति देखिएको।** |

| | | | | |
|---|---|---|---|---|
| ९९ | भूमिको चक्लावन्दी गरी खेती गर्न प्रोत्साहित गरिनेछ। करार खेतीका लागि कानूनी आधार तयार गरिनेछ। मुलुकभर रहेको बाँझो जमीनलाई स्थानीय तहको समन्वयमा मापदण्ड बनाइ करार र सामुहिक खेती गर्न उपयोग गरिनेछ। यस कार्यक्रमका लागि रु. ३० करोड विनियोजन गरेको छु। | १- भूमिको चक्लाबन्दी गरी खेती गर्न प्रोत्साहित गर्न कार्यविधि तयार गर्नुपर्ने ।<br>२- मुलुकभर रहेको बाँझो जमीनलाई स्थानीय तहको समन्वयमा मापदण्ड बनाइ करार र सामुहिक खेती गर्न आवश्यक भूमि उपयोगसम्बन्धी व्यवस्था आवश्यक परिमार्जन गरी लागू गर्नुपर्ने । | १. कृषि तथा पशुपंक्षी विकास मन्त्रालय<br>२. कृषि विभाग<br>३. प्रदेश सरकार तथा सम्बन्धित स्थानीय निकाय । | **कार्यविधि तयार भएको। प्रदेशहरुले पनि स्थानीय तहको सहकार्यमा करार खेती कार्यक्रम सञ्चालन कार्यविधि जारी भएको । तर कार्यक्रम कार्यान्वयनको प्रगति निकै न्यून देखिएको** |
| १११ | वन, जैविक विविधता र जलाधार व्यवस्थापनमार्फत वातावरणीय सन्तुलन कायम गरिनेछ। वन सम्पदाको दिगो उपयोग र वनजन्य उद्यम विकास गर्दै राष्ट्रिय अर्थतन्त्रमा यसको योगदान बढाइनेछ। संरक्षित क्षेत्र र सामुदायिक वनलाई पर्या-पर्यटकीय गन्तव्यको रूपमा विकास गरिनेछ। | १- वन, जैविक विविधता र जलाधार व्यवस्थापन मार्फत वातावरणीय सन्तुलन कायम गर्न, वन सम्पदाको दिगो उपयोग र वनजन्य उद्यम विकास गर्न, तथा संरक्षित क्षेत्र र सामुदायिक वनलाई पर्या-पर्यटकीय गन्तव्यको रुपमा विकास गर्न सम्बन्धित विशेषज्ञहरु तथा निजी क्षेत्र लगायतका सरोकारवालाहरु समेत समावेश गरी एक समिति आर्थिक वर्ष २०८०-८१ शुरु भएको सुरुआती महिनाभित्रै गठन गरी सो समितिबाट प्राप्त सुझावहरु समावेश गरी मनासिब समयावधिभित्र कार्यविधि तर्जुमा गरी कार्यान्वयन गर्नुपर्ने । | १. वन तथा वातावरण मन्त्रालय<br>२. वन तथा वातावरण विभाग | **साढे चार लाखभन्दा बढी आगन्तुकलाई विभिन्न वनस्पति उद्यानमा पर्यटकीय सेवा प्रदान गरिएको ।** |
| ११४ | वनलाई नागरिकको जीवन तथा समृद्धिसँग जोड्न बाँझो, खाली, ऐलानी, पर्ती र हैसियत विग्रेको वन क्षेत्र तथा नदी उकास जमिनमा जडिवुटी, फलफूल, घाँसेबाली लगायतका खेती गरी कृषि-वन विकास गर्न कार्यक्रम सञ्चालन गरिनेछ। प्रदेशसँगको सहकार्यमा आगामी वर्ष करिब तीन करोड बिरुवा वृक्षारोपण गरिनेछ। | १- वनलाई नागरिकको जीवन तथा समृद्धिसँग जोड्न बाँझो, खाली, ऐलानी, पर्ती र हैसियत विग्रेको वन क्षेत्र तथा नदी उकास जमिनमा जडिवुटी, फलफूल, घाँसेबाली लगायतका खेती गरी कृषि-वन विकास गर्न कार्यक्रम सञ्चालन गर्न सम्बन्धित विशेषज्ञहरु तथा निजी क्षेत्र सरोकारवालाहरुको सुझाव लिई मनासिब समयावधि भित्र<br>कार्यविधि तर्जुमा गरी कार्यान्वयन गर्नुपर्ने । | १. वन तथा वातावरण मन्त्रालय<br>२. वन तथा वातावरण विभाग<br>३. वन कार्यालय<br>४. सम्बन्धित प्रादेशिक तथा | **शहरी वन विकासको लागि महानगर तथा उपमहानगर छनौटका आधार/सूचकहर तयार भएको।<br>वृक्षारोपण गर्ने स्थान छनौट भएको।** |

| | | | | |
|---|---|---|---|---|
| | | २. प्रदेशसँगको सहकार्यमा आगामी वर्ष करिब तीन करोड बिरुवा वृक्षारोपण गर्नुपर्ने । | स्थानीय निकायहरु | |
| ११९ | संघ, प्रदेश र स्थानीय तहको समन्वय र सहकार्यमा दिगो वन व्यवस्थापनसम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ। निश्चित मापदण्ड तयार गरी राष्ट्रिय, सामुदायिक तथा निजी वनको व्यवस्थापनबाट आगामी आर्थिक वर्ष तीन करोड घनफिट काठ आपूर्ति गरिनेछ । यसबाट काठ र फर्निचरको आयात प्रतिस्थापनमा सहयोग पुग्ने विश्वास लिएको छु। | १. राष्ट्रिय, सामुदायिक तथा निजी वनको दिगो व्यवस्थापनका लागि संघ, प्रदेश र स्थानीय तहहरुसँग समन्वय र सहकार्य गर्नुपर्ने ।<br>२. सम्बन्धित विशेषज्ञहरु तथा निजी क्षेत्र सरोकारवालाहरुको सुझाव लिइ मनासिब समयावधिभित्र निश्चित मापदण्ड तयार गरी राष्ट्रिय, सामुदायिक तथा निजी वनको व्यवस्थापनबाट आगामी आर्थिक वर्ष तीन करोड घनफिट काठ आपूर्तिको सुनिश्चितता गर्नुपर्ने । | १. वन तथा वातावरण मन्त्रालय<br>२. वन तथा वातावरण विभाग<br>३. वन कार्यालय<br>४. सम्बन्धित प्रादेशिक तथा स्थानीय निकायहरु | **दिगो व्यवस्थापनका लागि राष्ट्रिय मापदण्ड तथा कार्यविधि कार्यान्वयनमा आउन नसकेको ।** |
| १३६ | चितवनको शक्तिखोर र मकवानपुरको मयुरधाप औद्योगिक क्षेत्रको वातावरणीय प्रभाव मूल्याङ्कन, रुख कटान लगायतका पूर्वतयारीका कार्य सम्पन्न गरी सार्वजनिक निजी साझेदारीमा विकास तथा सञ्चालन गर्न निजी क्षेत्रलाई प्रोत्साहन गरिनेछ। | चितवनको शक्तिखोर र मकवानपुरको मयुरधाप औद्योगिक क्षेत्रको वातावरणीय प्रभाव मूल्याङ्कन, रुख कटान लगायतका पूर्व तयारीका कार्य सम्पन्न गरी नेपाल उद्योग परिसंघलाई सार्वजनिक निजी साझेदारीमा विकास तथा सञ्चालन गर्न अनुमति प्रदान गरिनुपर्ने । परिसंघले यी दुई औद्योगिक क्षेत्र विकासका तथा संचालनका लागि सरकारलाई आशयपत्र समेत पेश गरिसकेको छ। | १- मन्त्रीपरिषद्<br>२- उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय<br>३- वन मन्त्रालय<br>४- उद्योग विभाग<br>५- विशेष आर्थिक क्षेत्र प्राधिकरण<br>६- नेपाल उद्योग परिसंघ | शक्तिखोर **डिभिजन वन कार्यालय चितवनसँग छलफलभएको।**<br>मयुरधाप औद्योगिक क्षेत्रको वन तथा वातावरण मन्त्रालयबाट **EIA** स्वीकृतनभएको |

| | | | | |
|---|---|---|---|---|
| | सञ्चालनमा रहेका १० वटा औद्योगिक क्षेत्रहरूको पूर्वाधार सुधार र स्तरोन्नति गरिनेछ। औद्योगिक क्षेत्रको पूर्वाधार विकास र सञ्चालनको लागि रु. ३३ करोड विनियोजन गरेको छु। | सञ्चालनमा रहेका १० वटा औद्योगिक क्षेत्रहरूको पूर्वाधार सुधार र स्तरोन्नतिको कार्य तत्काल अगाडि बढाउनुपर्ने। | १- उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय<br>२- उद्योग विभाग | **औद्योगिक भवनहरुको Structural Assessment का लागि प्रक्रिया शुरु भएको । स्तरोन्तीका लागि टेण्डर आह्वान लगायतका कामहरू भएको** |
| | सरकारबाट घोषणा भएका औद्योगिक क्षेत्र, विशेष आर्थिक क्षेत्र र औद्योगिक ग्रामको पूर्वाधार निर्माणलाई तीव्रता दिइनेछ। नौवस्ता र मोतिपुर औद्योगिक क्षेत्रको निर्माण कार्य शुरू गरिनेछ। | १- सरकारबाट घोषणा भएका औद्योगिक क्षेत्र, विशेष आर्थिक क्षेत्र र औद्योगिक ग्रामको पूर्वाधार निर्माणलाई अबिलम्ब तीव्रता दिनुपर्ने।<br>२- नौवस्ता र मोतिपुर औद्योगिक क्षेत्रको निर्माण कार्यान्वयनमा लैजानुपर्ने। | १- उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय<br>२- उद्योग विभाग<br>३- विशेष आर्थिक क्षेत्र प्राधिकरण | **पूर्वतयारी पुरा नभएको/ नौवस्ता औद्योगिक क्षेत्रको सर्भे सम्बन्धी कार्य अन्तिम चरणमा रहेकोले सोको प्रतिवेदनको आधारमा Design Review कार्य अगाडी बढाईने ।** |
| १३८ | विशेष आर्थिक क्षेत्रमा उद्योग स्थापनाको लागि निजी क्षेत्रलाई आकर्षित गर्न जग्गाको बहाल दर पुनरावलोकन गरिनेछ । उत्पादनको न्यूनतम तीस प्रतिशत निकासी गर्ने उद्योगले विशेष आर्थिक क्षेत्रमा उद्योग सञ्चालन गर्न पाउने गरी कानूनी व्यवस्था मिलाइनेछ । यस्ता उद्योगलाई निकासी गरेको परिमाणको आधारमा कर सहुलियत प्रदान गरिनेछ। निजी क्षेत्रले विशेष आर्थिक क्षेत्र सञ्चालन गर्न चाहेमा व्यवस्थापन करार गर्ने व्यवस्था मिलाइनेछ । | १. विशेष आर्थिक क्षेत्रमा उद्योग स्थापनाका लागि निजी क्षेत्रलाई आकर्षित गर्न जग्गाको बहाल दर पुनरावलोकन गरी विशेष आर्थिक क्षेत्र ऐन, २०७३ को दफा २६ मा संसोधन गर्नुपर्ने ।<br>२. उत्पादनको न्यूनतम ३०% प्रतिशत निकासी गर्ने उद्योगले विशेष आर्थिक क्षेत्रमा उद्योग सञ्चालन गर्न पाउनका लागि विशेष आर्थिक क्षेत्र ऐन, २०७३ को दफा १३ मा संशोधन गर्नुपर्ने ।<br>३. निजी क्षेत्रले विशेष आर्थिक क्षेत्र सञ्चालन गर्न चाहेमा व्यवस्थापन करार गर्ने व्यवस्था मिलाउन विशेष आर्थिक क्षेत्र ऐन, २०७३ को दफा ६ मा संशोधन गर्नुपर्ने । | १. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय<br>२. विशेष आर्थिक क्षेत्र प्राधिकरण | **लगानी सहजीकरण सम्बन्धी केहि नेपाल ऐनलाई संशोधन गर्न बनेको ऐनमार्फत् विशेष आर्थिक क्षेत्र २०७३ मा संशोधन ।** |

| | | | | |
|---|---|---|---|---|
| १४० | विभिन्न १ सय १३ स्थानीय तहमा निर्माणाधीन औद्योगिक ग्रामको कामलाई तीव्रता दिइनेछ। पूर्वाधार निर्माण सम्पन्न भएका औद्योगिक ग्राम स्थानीय तहलाई हस्तान्तरण गरी सञ्चालनमा ल्याइनेछ। काभ्रेको पाँचखालमा निर्माणाधीन औद्योगिक ग्रामलाई महिला उद्यम ग्रामको रूपमा नामाकरण गरी महिला उद्यमीलाई उद्योग सञ्चालन गर्न प्रोत्साहित गरिनेछ। औद्योगिक ग्राम निर्माणका लागि रु. ४१ करोड विनियोजन गरेको छु । | १. एक सय १३ स्थानीय तहमा निर्माणाधीन औद्योगिक ग्रामको काम यथासक्य शिघ्र सम्पन्न गर्नुपर्ने । बाँकी स्थानीय तहमा पनि औद्योगिक ग्राम निर्माणको कार्य अबिलम्ब अघि बढाइनुपर्ने।<br>२. पूर्वाधार निर्माण सम्पन्न भएका औद्योगिक ग्राम स्थानीय तहलाई हस्तान्तरण गरी सञ्चालनमा ल्याउन कार्यविधि तर्जुमा गरी हस्तान्तरण गर्नुपर्ने ।<br>३. काभ्रेको पाँचखालमा निर्माणाधीन औद्योगिक ग्रामको निर्माण कार्य शिघ्र सम्पन्न गरी महिला उद्यमीलाई सञ्चालनका लागि हस्तान्तरण गरिनुपर्ने। | १. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय<br>२. स्थानीय निकायहरु | **१२० वटा औद्योगिक ग्राम घोषणा/ काभ्रेको पाँचखालमा महिला उद्यमी हरित औद्योगिक पार्क निर्माणाधिनर। औद्योगिक ग्रामका लागि जग्गा प्राप्तिमा समस्या देखिएको** |
| १४१ | सिमेन्ट, फलाम र तारे होटेल जस्ता ठूला उद्योगसम्म पुग्ने पहुँच मार्ग र ट्रान्समिसन लाइन निर्माण गर्ने कार्यक्रमलाई निरन्तरता दिई रु. ४६ करोड विनियोजन गरेको छु। | सिमेन्ट, फलाम र तारे होटेल जस्ता ठूला उद्योगसम्म पुग्ने पहुँच मार्ग र ट्रान्समिसन लाइन निर्माण कार्य उद्योग स्वयंले गरे सोधभर्ना दिने कार्यविधि निर्माण गरि सहज तथा सरल प्रक्रियाले रकम भुक्तानी हुने व्यवस्था कायम गरिनुपर्ने । | १. उद्योग मन्त्रालय<br>२. उद्योग विभाग<br>३. अर्थ मन्त्रालय<br>४. नेपाल विद्युत प्राधिकरण | **औद्योगिप पहुँच सडक कार्यक्रमअन्तर्गत हालसम्म वित्तीय प्रगति नदेखिएको । भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयलाई अनुरोध गरि पठाएको । कालीगण्डकी रिडी प्रशारणलाईनको सबस्टेशन निर्माण प्रक्रिया अघि बढेको ।** |

| | | | | |
|---|---|---|---|---|
| १४३ | स्थानीय कच्चा पदार्थमा आधारित लघु, घरेलु र साना उद्योगलाई प्रोत्साहन गर्न सहुलियतपूर्ण ऋण र बजार प्रवर्द्धनका कार्यक्रम सञ्चालन गरिनेछ। रेशाजन्य, हाते कागज र हस्तकला लगायतका उद्योगलाई प्रविधि स्तरोन्नति गर्न र नयाँ प्रविधिको उपयोग गर्न अनुदान सहयोग गरिनेछ। लघु उद्यम विकास कार्यक्रमका लागि रु. १ अर्ब २ करोड विनियोजन गरेको छु। | १. स्थानीय कच्चा पदार्थमा आधारित लघु, घरेलु र साना उद्योगलाई प्रोत्साहन गर्न सहुलियतपूर्ण ऋण र बजार प्रवर्द्धनका लागि स्थानीय सरकारसँगको समन्वयनमा कार्यक्रम सञ्चालन गर्नुपर्ने ।<br>२. रेशाजन्य, हाते कागज र हस्तकला लगायतका उद्योगलाई प्रविधि स्तरोन्नति गर्न र नयाँ प्रविधिको उपयोग अनुदान सहयोग उपलब्ध गराउन विस्तृत कार्यविधि तर्जुमा गरी गर्नुपर्ने ।<br>३. लघु उद्यम विकास कार्यक्रमका लागि रु. १ अर्ब २ करोड विनियोजित रकमको लागि छुटै कोष खडा गर्नुपर्ने र सो कोषको विस्तृत कार्यक्रम सिर्जना गरी कार्यन्वयन गर्नुपर्न । | १. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय<br>२. उद्योग विभाग | **प्याकेजिङ, लेबलिङ र बजारीकरण सम्बन्धी तालिम दिइएको । कार्यविधिमाथि तयार भएर स्वीकृतिका लागि मन्त्रालयमा पेस भएको।** |
| १४५ | बजारको मागअनुसारको दक्ष जनशक्ति उत्पादन गर्न शुरू गरिएको कार्यस्थलमा आधारित रोजगारमूलक प्रशिक्षण कार्यक्रमलाई निरन्तरता दिएको छु। यस कार्यक्रम अन्तर्गत उद्योगीले प्रशिक्षार्थी कामदार लिई आफ्नो आवश्यकता अनुरूपको सीप सिकाउनुपर्ने र न्यूनतम अठार महिनाको रोजगारी दिनुपर्नेछ। यसरी लिइएको प्रशिक्षार्थी कामदारको तीन महिनाको न्यूनतम पारिश्रमिक सरकारले व्यहोर्ने गरी आवश्यक बजेट छुट्टयाएको छु। | १- कार्यस्थलमा आधारित रोजगारमुलक प्रशिक्षण कार्यक्रमका लागि प्रमाणित पाठ्यक्रम नचाहिने तथा सम्बन्धित उद्योगहरुले आफ्नो आवश्यकता बमोजिमको पाठ्यक्रम तयार गरी संचालन गर्नसक्ने व्यवस्था गर्ने ।<br>२- न्यूनतम १८ महिना रोजगारी दिनुपर्ने प्रावधानलाई कामदारको कार्यअनुशासन लगायतका उद्योगको नियमानुसार उद्योग/रोजगारदाताले आवश्यक कारवाही गर्नसक्ने गरी 'कार्यस्थलमा आधारित रोजगारमुलक प्रशिक्षण कार्यक्रमको कार्यविधि २०७९' परिमार्जन गरिनुपर्ने ।<br>३- 'कार्यस्थलमा आधारित रोजगारमुलक प्रशिक्षण कार्यक्रमको कार्यविधि २०७९' लाई उद्योगको आवश्यकता तथा मानव संसाधन नीतिसँग मैत्री हुने गरी संशोधन गर्नुपर्ने । | १. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय<br>२. लघु घरेलु तथा साना उद्योग प्रवर्द्धन केन्द्र | **कार्यस्थलमा आधारित रोजगारमूलक प्रशिक्षण कार्यक्रम सञ्चालन कार्यविधि, २०८० स्विकृत/ काम भइरहेको** |

| | | | | |
|---|---|---|---|---|
| | | ४- यो कार्यक्रमलाई उद्योग विभागअन्तर्गत राखेर संचालन गरिनुपर्ने । | | |
| १४६ | औद्योगिक जनशक्ति उत्पादन तथा उद्यमशीलता प्रवर्द्धन गर्न त्रिभुवन विश्वविद्यालय लगायतका प्राज्ञिक संस्थाहरूसँग लागत साझेदारीमा उद्यमशीलता विकास कार्यक्रम सञ्चालन गर्न रकम विनियोजन गरेको छु। | निजी क्षेत्रसमेतको सहभागितामा बजार आवश्यकताअनुरुपको जनशक्ति उत्पादन गर्न औद्योगिक/व्यवसायिक प्रतिष्ठान र शिक्षण संस्थाहरुबीच सहकार्यका लागि अनुकूल कार्यक्रम ल्याइनुपर्ने | १- उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय<br>२- शिक्षा मन्त्रालय<br>३- सीटीईभीटी<br>४- नेपाल उद्योग परिसंघ<br>५- विभिन्न विश्वविद्यालय तथा शिक्षण संस्थाहरु | **छलफल सम्पन्न भएको तर कार्यक्रम सञ्चालनका लागि ठोस प्रगति नभएको ।** |
| १५० | औद्योगिक बौद्धिक सम्पत्तिको संरक्षण र विकास गर्न टेक्निकल नो हाउ, फ्रेन्चाइज फर्मुला लगायतका विषय समेटेर बौद्धिक सम्पत्तिसम्बन्धी कानून तर्जुमा गरिनेछ। | हाल प्रचलित पेटेण्ट, डिजाइन र ट्रेडमार्क ऐन, २०२२ धेरै पुरानो भएकोले सो ऐनलाई खारेज गरी बौद्धिक सम्पत्तिसम्बन्धी प्रचलित कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक, २०७६ मा 'टेक्निकल नो हाउ', 'फ्रेन्चाइज फर्मुला' लगायतका विषय समेटेर समायानुकूल बनाइ यथाशिघ्र लागू गर्नुपर्ने । | १. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय<br>२. उद्योग विभाग | **रायका लागि कानून न्याय तथा संसदीय व्यवस्था मन्त्रालय पठाईएका** |
| १५२ | नेपालगञ्जस्थित एकीकृत जाँच चौकीको निर्माण कार्य सम्पन्न गरी सञ्चालनमा ल्याइनेछ। भैरहवाको एकीकृत जाँच चौकी र रसुवाको टिमुरेमा सुक्खा बन्दरगाहको निर्माण कार्यलाई तीव्रता दिइनेछ। वीरगञ्ज र विराटनगरको एकीकृत जाँच | १- नेपालबाट हुने निर्यात तथा नेपालमा हुने आयातलाई सहज र सरल गर्न नेपालगञ्ज र भैरहवामा निर्माणाधीन एकिकृत जाँच चौकीको निर्माण कार्यलाई तीव्रता दिनुपर्ने ।<br>२- यसका लागि भारतीय समकक्षीहरूसँग समन्वय गरिनुपर्ने । निर्माणाधीन सुख्खा बन्दरगाहको कार्यलाई तीव्रता दिनुपर्ने । | १. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय<br>२. नेपाल इन्टरमोडेल यातायात विकास समिति<br>३. भौतिक पूर्वाधार | **नेपालगञ्ज एकीकृत जाँच चौकी मिति २०८१।०१।२४ देखि सञ्चालन शुरु भएको । भैरहवाको एकीकृत जाँच चौकीको निर्माण कार्य ४५ प्रतिशत सम्पन्न भएको ।** |

| | | | | |
|---|---|---|---|---|
| | चौकीमा गोदाम घर तथा पार्किङ्ग स्थल निर्माण गरिनेछ। कञ्चनपुर जिल्लाको दोधारा चाँदनीमा सुक्खा बन्दरगाह निर्माण कार्य प्रारम्भ गरिनेछ। एकीकृत जाँच चौकी, सुक्खा बन्दरगाह, कन्टेनर यार्ड निर्माण, प्रयोगशाला स्तरोन्नति लगायतका व्यापार पूर्वाधार निर्माण र सञ्चालन गर्न आवश्यक रकम विनियोजन गरेको छु। | ३- सम्पन्न भइ संचालनमा रहेका एकिकृत जाँच चौकीहरूको आवश्यक पूर्वाधारलाई विस्तार गरिनुपर्ने ।<br>४- यसका लागि आवश्यक ठेक्का लगायतका प्रकृया अविलम्ब अगाडि बढाउनुपर्ने । | तथा<br>यातायात मन्त्रालय<br>४. भन्सार विभाग | **रसुवा सुक्खा बन्दरगाहको निर्माण कार्य ६३ प्रतिशत सम्पन्न भएको । मुस्ताङ्को कोरालामा ICD निर्माणका लागि विस्तृत परियोजना प्रतिवेदन तयार भएको ।** |
| १५३ | नेपाल व्यापार एकीकृत रणनीतिले पहिचान गरेका वस्तुहरूको उत्पादन तथा निर्यात प्रवर्द्धन गर्न कार्यक्रम सञ्चालन गरिनेछ । कृषि क्षेत्रमा अलैची, अदुवा, जुट, चिया र जडिबुटी, वन क्षेत्रमा जडिबुटी तथा सुगन्धित वनस्पति, लोक्ताजन्य उत्पादन, रोजिन एण्ड टर्पेन्टाइन, ठूला उद्योगमा स्टिल, धागो तथा कपडा, जुत्ता र तयारी पोसाक र घरेलु तथा साना उद्योगमा गलैंचा, गहना र पस्मिनाको प्रवर्द्धनको लागि आवश्यक बजेट व्यवस्था गरेको छु। | १. नेपाल व्यापार एकीकृत रणनीति २०२२ लाई यथाशिघ्र नेपाल सरकारले ग्रहण गरी माननीय मन्त्री परिषदबाट यस रणनीतिमा उल्लेख भएका नीति तथा कार्यक्रमहरूलाई अगाडि बढाइनुपर्ने ।<br>२. यस रणनीतिमा उल्लेख भएबमोजिम बजेटको व्यवस्थापन गरी निर्दिष्ट निकायहरूलाई जिम्मेवार बनाउँदै लगिनुपर्ने ।<br>३. यस रणनीतिले पहिचान गरेका वस्तुहरूको गुणस्तरीय उत्पादन, उचित बजारीकरण तथा निर्यात प्रवर्द्धन गर्न प्रस्ताव गरिएका कार्यक्रमहरू यथाशिघ्र सञ्चालन गर्नुपर्ने । | १. मन्त्रीपरिषद्<br>२. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय<br>३. अर्थ मन्त्रालय<br>४. रणनीतिमा उल्लेख भएका तालुकदार मन्त्रालय तथा निकायहरू<br>५. उद्योग विभाग<br>६. नेपाल उद्योग परिसंघ लगायतका निजी क्षेत्रका संगठनहरू | **निर्यातमा नगद नगद प्रोत्साहन, उपकरण जडान तथा सटही सुविधा उपलब्ध गराउने विषयमा तयारी चलिरहेको । उल्लेख्य प्रगति नदेखिएको ।** |
| १५४ | निर्यात प्रवर्द्धनका लागि नयाँ गन्तव्य पहिचान गरिनेछ । निर्यात व्यापार प्रोत्साहन गर्न देशगत र वस्तुगत | १. निर्यातका लागि अन्तराष्ट्रिय बजार पहिचान गर्न बजार अनुसन्धान गर्ने र अन्तराष्ट्रियस्तरमा ग्राहकको आवश्यकता र प्राथमिकता तथा क्रय व्यवहार (पर्चेजिङ | १. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | **कार्यविधि तयार भएको।अरु काममा प्रगति नभएको।** |

| | | | | |
|---|---|---|---|---|
| | रणनीति तर्जुमा गरिनेछ। निर्यात हुने वस्तुहरूको गन्तव्य मुलुकमा सामुहिक व्यापार चिन्ह दर्ता गर्न प्रोत्साहन गरिनेछ । सूचना प्रविधि, सिमेन्ट, छुर्पी, मह लगायत उदीयमान र भविष्यमा निर्यात सम्भावना भएका वस्तु वा सेवाको उत्पादन बढाउन निजी क्षेत्रलाई प्रोत्साहन गरिनेछ। | बिहेभियर) अध्ययन गरी बजारीकरणका रणनीतिहरु बनाउने ।<br><br>२. नेपालबाट निर्यात हुने वस्तुहरुको गन्तव्य मुलुक पहिचान गरी ती मुलुकहरूसँग द्विपक्षीय व्यापार तथा लगानी सम्झौताका लागि पहल गरिनुपर्ने ।<br><br>३. यस्ता मुलुकहरूमा नेपाली वस्तुहरूको सामुहिक व्यापार चिन्ह दर्ता गर्न सहयोग पुर्याउन आश्यक नीति अवलम्बन गरी लागू गर्नुपर्ने ।<br><br>४. छुर्पी उत्पादन हुने प्रमुख स्थानहरूमा खोरेत रोग उन्मुलनका कार्यक्रम संचालन गरी 'खोरेत मुक्त' घोषणा गरिनुपर्ने ।<br><br>५. मुलुकमै सहज तरिकाले अर्ग्यानिक लगायतका स्वेच्छिक प्रमाणहरू जारी गर्ने व्यवस्था मिलाउनुपर्ने। | २. उद्योग विभाग<br><br>३. कृषि तथा पशुपन्छी<br><br>विकास मन्त्रालय<br><br>४. व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र | |
| १५५ | चिया लगायत कृषिजन्य वस्तुको निर्यात अभिवृद्धि गर्न आवश्यक प्रविधि, उपकरण, अर्गानिक सर्टिफिकेसन स्किम जस्ता कार्यक्रम सञ्चालन गरिनेछ। चिया, कफी लगायत निकासीजन्य कृषि उत्पादनको परीक्षणका लागि प्रयोगशाला स्थापना गर्न रकम विनियोजन गरेको छु। | १- निकासी कर्ताहरूको समन्वयमा आवश्यक प्रविधि पहिचान गरी त्यसको आयातमा सहयोग गरिनुपर्ने ।<br><br>२- मुलुकमै सहज तरिकाले अर्ग्यानिक लगायतका स्वेच्छिक प्रमाणहरू जारी गर्ने व्यवस्था मिलाउनुपर्ने।<br><br>३- यस्ता वस्तु निकासी गन्तव्यहरू पहिचान गरी उक्त मुलुकहरूले निर्धारण गरेका गुणस्तर मापदण्डहरु मापन गर्न सक्ने प्रयोगशाला निर्माणको कार्य अगाडि बढाउन तत्काल वोलपत्र आह्वान गरिनुपर्ने ।<br><br>४- यस्ता प्रयोगशालाहरूको निर्यात गन्तव्य मुलुकहरूका प्रयोगशाला तथा अन्तराष्ट्रिय मान्यताप्राप्त प्रयोगशालाहरूसँग म्युचुअल रिकग्निशन एग्रिमेन्ट | १. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय,<br><br>२. नेपाल गुणस्तर तथा नापतौल विभाग<br><br>३. खाद्य तथा गुण नियन्त्रण विभाग<br><br>४. व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र<br><br>५. चिया विकास | **Support in Organic certification scheme and renewal process विनियोजित बजेटको ठुलो मात्रामा खर्च हुन नसकेको ।** |

| | | | | |
|---|---|---|---|---|
| | | (एमआरए) गरिनुपर्ने। | समिति<br>६. चिया लगायत कृषिजन्य वस्तु उत्पादकहरू | |
| १५७ | वातावरणलाई नकारात्मक असर नपर्ने गरी मापदण्ड बनाई वातावरणीय अध्ययनबाट उपयुक्त देखिएका स्थानबाट ढुङ्गा र गिट्टी निकासी गर्न आधार तयार गरिनेछ । | वातावरणीय अध्ययनबाट उपयुक्त देखिएका स्थानबाट ढुङ्गा र गिट्टी निकासी गर्न वातावरणलाई नकारात्मक असर नपर्ने गरी मापदण्ड बनाउनुपर्ने । | १- उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय,<br>२- उद्योग विभाग | **खानीजन्य साधारण निर्माणमूखी खनिजपदार्थको पुनरमुल्याङ्कन गरी प्रवर्द्धनको लागि प्रतिवेदन तयार गर्न फिल्ड कार्य सम्पन्न भएको।** |
| १५८ | विभिन्न ३६ प्रकारका वस्तुको निर्यातमा प्रदान गर्दिँदै आएको नगद अनुदानलाई निरन्तरता दिन रु. ९० करोड विनियोजन गरेको छु। निर्यातमा प्रदान गरिने नगद अनुदानलाई तीन तीन महिनामा भुक्तानी हुने व्यवस्था मिलाइनेछ। | १. निर्यातमा नगद अनुदान उपलब्ध गराउनेसम्बन्धी कार्यविधिमा रहेको द्विविधा तथा अन्योलता स्पष्ट गर्न कार्यविधि परिमार्जन गरिनुपर्ने ।<br>२. निर्यातमा नगद अनुदान उपलब्ध गराउने प्रकृया सरलीकृत गरिनुपर्ने ।<br>३. निर्यातबाट विदेशी मुद्रा प्राप्त भएसँगै अनुदान स्वतः निर्यात कर्ताको खातामा जम्मा हुने व्यवस्था कायम गरिनुपर्ने ।<br>४. नेपालबाट निर्यातको उच्च सम्भावना रहेका तथा सामान्य सहुलियत उपलब्ध हुँदा निर्यात अत्यधिक वृद्धि हुन सक्ने वस्तुहरू पहिचान गरी निर्यातमा नगद अनुदान प्राप्त हुने वस्तुहरूको सूची थप गरिनुपर्ने । | १ उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय<br>२ उद्योग विभाग<br>३ नेपाल राष्ट्र बैंक | **कार्यदलले प्रतिवेदन बुझाएको। ९०+६५ करोड विनियोजित रकम अपुग भै अर्थ मन्त्रालयमा माग गरिएको। 462 वटा उद्योगहरूको Value ddition प्रमाणित गरी नेपाल राष्ट्र बैंकमा सिफारिस गरिएको ।** |

| | | | | |
|---|---|---|---|---|
| १५९ | नेपाल सन् २०२६ पछि अतिकम विकसित मुलुकबाट विकासशील मुलुकमा स्तरोन्नति हुँदा हाल पाइरहेको व्यापार सहुलियत कायम नहुने अवस्था रहेको छ। अतिकम विकसित मुलुकबाट स्तरोन्नति भएपछि सिर्जना हुने चुनौतीको सम्बोधन र अवसरको उपयोग गर्ने नीतिगत व्यवस्था गरी क्षेत्रगत कार्यक्रम तय गरिनेछ। युरोपियन युनियन र अमेरिका लगायत अन्य राष्ट्रसँग द्विपक्षीय वार्ता गरी निर्यातलाई प्रोत्साहन र सहुलियतका लागि पहल गरिनेछ। | १. अतिकम विकसित मुलुकबाट स्तरोन्नति भएपछि सिर्जना हुने चुनौतीको सम्बोधन र अवसरको उपयोग गर्ने नीति तर्जुमा गरी लागू गर्नुपर्ने र क्षेत्रगत कार्यक्रमहरुको योजना बनाउनुपर्ने ।<br>२. युरोपियन युनियन र अमेरिका लगायतका राष्ट्रहरूसँग द्विपक्षीय वार्ता गरी निर्यातलाई प्रोत्साहन र सहुलियतका लागि आवश्यक रणनीति तयार गरी कार्यान्वयन गर्नुपर्ने ।<br>३. नेपालको प्रमुख निर्यात गन्तब्य मुलुकहरू पहिचान गरि यस्ता मुलुकहरूसँग द्विपक्षीय सौविद्य व्यापार सम्झौता (प्रिफ्रेन्सियल ट्रेड एग्रिमेन्ट) गरिनुपर्ने । | १. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय<br>२. परराष्ट्र मन्त्रालय<br>३. उद्योग विभाग<br>४. व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र | **Smooth transition Strategy प्रतिवेदन तयार भएको।** असर पर्ने क्षेत्रमा प्रविधि हस्तान्तरण तथा क्षमता विकास कार्यक्रमको लागि पर्याप्त रकम नहुदा कार्यक्रम गर्न नसकिएको। |
| | | | | |
| १८० | नेपालको प्राकृतिक, धार्मिक, ऐतिहासिक तथा सांस्कृतिक सम्पदा लगायत पर्यटकीय स्थल र सेवाको अन्तर्राष्ट्रियस्तरमा सघन प्रचार प्रसार गरिनेछ। सन् २०२३ – २०३२ लाई पर्यटन दशकका रूपमा मनाइनेछ। अतिथि देवो भव: भन्ने नेपाली संस्कृतिअनुरूप पर्यटकीय सेवाको गुणस्तरमा सुधार गरिनेछ। सन् २०२३ मा नेपाल भ्रमण गर्ने विदेशी पर्यटकको सङ्ख्या १० लाख पुर्‍याइनेछ। | १- पर्यटन दशकको अवधारणामार्फत दीगो पर्यटन विकासका लागि कोभिड-१९ पछि पर्यटनमा देखिएका समस्याहरु समेत समाधान गर्न आवश्यक रहेको र सोको लागि नीतिगत सुधार तथा सहजिकरणको कार्यहरु गर्नुपर्ने।<br>२. पर्यटन दशकको अवधारणाको सफलताको लागि सोको कार्यान्वयन पक्षलाई थप प्रभावकारी बनाउका लागि निजी क्षेत्रसँगको समन्वय र सहकार्यलाई प्राथमिकता दिनुपर्ने।<br>३. विद्यमान पर्यटकीय पूर्वाधारहरुको स्तरोन्नतिका साथै नयाँ स्तरीय पर्यटकीय पूर्वाधारहरुको निर्माण गरिनुपर्ने। | १- नागरिक उड्डयन प्राधिकरण<br>२- गृह मन्त्रालय<br>३- संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | **बजेटमा घोषणा भएपछि सरोकारवालासँग पहिलो बैठक मात्रै आयोजना । Conteptual Framework माथि छलफल । थप प्रगति हुन नसकेको ।**<br><br>**२०२३ मा १० लाख बढी पर्यटकको आगमन भएको** |

| | | | | |
|---|---|---|---|---|
| | | ४- बौद्धमार्गीहरुको वाहुल्य भएका मुलुकहरुका साथै दक्षिण एशियाली देशहरुमा नेपाली पर्यटनको प्रचारप्रसारमा जोड दिनुपर्ने।<br><br>५- मनोरञ्जनात्मक पर्यटकीय सेवा व्यवसायहरु (रिक्रिएशन प्रोपर्टि) विकास तथा संचालनका लागि निजी क्षेत्रलाई सहुलियत लगायतका प्रोत्साहन प्रदान गरिनुपर्ने । | | |
| १९१ | खप्तड लगायत पर्यटकीय सम्भावना भएका महत्त्वपूर्ण क्षेत्रहरूमा केवलकार निर्माण गर्न निजी क्षेत्रलाई प्रोत्साहित गरिनेछ। पदयात्रा, पर्वतारोहण लगायतका पर्यटकीय सेवामा दिइने अनुमतिमा एकद्वार प्रणाली लागु गरिनेछ। | पर्यटकीय पूर्वाधार विकासमा निजी क्षेत्रको लगानी आकर्षित गर्न सुविधा तथा सहुलियतसम्बन्धी योजना तर्जुमा गरी सरोकारवालाहरुसँग आवश्यक समन्वयको व्यस्था गर्नुपर्ने। | १. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय<br><br>२. निजी क्षेत्र | **खप्तड एकीकृत पर्यटन परियोजनाको गुरुयोजना निर्माण र पूर्व सम्भाव्यता अध्ययनका लागि प्रक्रिया अगाडि बढेको ।** |
| १९२ | विराटनगर, भरतपुर, नेपालगंज र धनगढी विमानस्थलहरूको स्तरोन्नति गरी क्षेत्रीय विमानस्थलको रूपमा विकास गरिनेछ। रुकुमको चौरजहारी, दाङको टरीगाउँ, उदयपुरको सगरमाथा, जुम्लाको खलङ्गा लगायतका विमानस्थलको स्तरोन्नति गरिनेछ। दुर्गम क्षेत्रमा उडान भर्ने हवाई कम्पनीलाई सहुलियत दिई हवाई यातायात सुविधालाई सहज र सुलभ बनाइनेछ। | १- विमानस्थल, रनवे, तथा जहाज संचालन प्रणाली (नेभिगेशन सिस्टम) मा सरकारको लगानी विस्तार गर्ने तथा दुर्घटना न्युनिकरणका लागि समयानुकुल अनुसन्धान, सुधृणीकरण तथा जोखिम व्यवस्थापनको निम्ति आवश्यक व्यवस्था गर्नुपर्ने।<br><br>२- दुर्गम क्षेत्रमा उडान प्रोत्साहनका लागि हरेक थप यात्रु/पर्यटक बापत नगद फिर्ता अनुदान (क्यासब्याक ग्रान्ट टु इच एडेड प्यासेन्जर) दिने, ईन्धन तथा अन्य शुल्क कम गर्ने जस्ता नीति अवलम्बन गर्नुपर्ने। | १- नागरिक उड्डयन प्राधिकरण<br><br>२- गृह मन्त्रालय | **आंशिक प्रगति देखिएको । विमानस्थल स्तरोन्तीको खरिद प्रक्रियाको लागि परामर्शदाता छनोट भएको।**<br><br>**दुर्गममा हवाइ उडान प्रोत्साहनको लागि कार्यविधि पास नभइसकेको** |

| | | | | |
|---|---|---|---|---|
| १९४ | गौतम बुद्ध र पोखरा विमानस्थलबाट नियमित रूपमा अन्तर्राष्ट्रिय हवाई सेवा सञ्चालन हुने व्यवस्था मिलाइनेछ। यी विमानस्थलमा उडान भर्ने अन्तर्राष्ट्रिय वायुसेवा कम्पनीहरूलाई ग्राउण्ड ह्याण्डलिङ्ग शुल्कमा सहुलियत दिइनेछ। त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको भौतिक संरचना र यात्रु सेवामा सुधार गरिनेछ। बौद्धमार्गीलाई लुम्बिनीसँग प्रत्यक्ष रूपमा जोड्न थाइल्याण्ड, श्रीलंका, चीन, भारत लगायतका राष्ट्रसँग गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलबाट सोझै उडान गर्ने व्यवस्था मिलाइनेछ। | विमानस्थल, रनवे, तथाजहाज संचालन प्रणाली (नेभिगेशन सिस्टम) मा सरकारको लगानी विस्तार गर्ने तथा दुर्घटना अनुसन्धान समितिका सुझावलाई कार्यान्वन्यन गर्नुपर्ने। | १- नागरिक उड्डयन प्राधिकरण<br>२- गृह मन्त्रालय | **गौतमबुद्ध विमानस्थलमा केहि समय जरिरा एअरलाईन्सले उडान भरेको/थाई एअरको हप्तामा चार उडान गर्ने तयारी।**<br>**पोखरा विमानस्थलबाट केहि अन्तर्राष्ट्रिय चार्टर उडान भएको तर नियमित उडान शुरु हुन नसकेको ।**<br>**त्रिभुवन विमानस्थलको प्राकिङ, ट्याक्सी वे र ह्यङ्गर एप्रोनको काम क्रमश ९०, ७८ र ६४ प्रतिशत भएको तर** |
| १९५ | निजगढ अन्तर्राष्ट्रिय विमानस्थल आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कन, बस्ती स्थानान्तरण, मुआब्जा वितरण, जग्गा संरक्षण लगायतका पूर्व तयारीका कार्यका लागि बजेट छुट्याएको छु। लगानी मोडालिटी तय गरी यस विमानस्थलको निर्माण कार्य अघि बढाइनेछ। | १- निजगढ अन्तरराष्ट्रिय विमानस्थल आयोजना निर्माण कार्यमा पहिले भएको त्रुटीहरूको पहिचान गर्न र त्रुटीहरू सच्याउन कार्यसमिति गठन गर्नुपर्ने ।<br>२- कार्यसमितिले सर्वोच्च अदालतबाट भएको फैसलाको कार्यान्वयन हुने गरी पुनः वातावरणीय प्रभाव मूल्याङ्कन गर्नुपर्ने । | १- गृह मन्त्रालय<br>२- वन तथा वातावरण मन्त्रालय<br>३- संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | **वातावरणीय प्रभाव मूल्याङ्कन,को काम नसकिएको । लगानीको मोडालिटी टुंगिन नसकेको ।** |

| | | | | |
|---|---|---|---|---|
| ३६६ | नेपाल विद्युत प्राधिकरणको पुनर्संरचना कार्य अगाडि बढाइनेछ। विद्युत विकास र प्रसारणका लागि नेपाल विद्युत प्राधिकरणले व्यावसायिक संस्था सरह ऋण परिचालन गर्न सक्ने गरी कानूनी व्यवस्था गरिनेछ। हाइड्रोइलेक्ट्रिसिटि इन्भेष्टमेन्ट एन्ड डेभलपमेन्ट कम्पनीको पुनर्संरचना गरी प्रभावकारी बनाइनेछ। | नेपाल विद्युत प्राधिकरण ऐन को दफा २० मा संशोधन गरी नेपाल विद्युत प्राधिकरणले विद्युत उत्पादन तथा प्रसारणमा संलग्न अन्य कम्पनीहरूलाई ऋण दिन पाउने व्यवस्था गर्नुपर्ने । | ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय | **नेविप्राको प्रिमियमसहितको प्राथमिक शेयर सर्वसाधारणमा जारी गर्न नेपाल सरकारको स्वीकृतिका लागि अर्थ मन्त्रालयमा पेश गरिएको । एचआइडिसिएलको पुनर्संरचनाका लागि उपयुक्त खाका सञ्चालक समितिबाट स्वीकृतिका लागि पेश भएको ।** |
| ३६७ | जलविद्युतलाई निर्यात आयको महत्त्वपूर्ण स्रोतको रूपमा विकास गरिनेछ। निजी क्षेत्रलाई समेत विद्युत व्यापारमा संलन गराउन सक्ने गरी कानूनी व्यवस्था गरिनेछ। | १- निजी क्षेत्रलाई विद्युत व्यापारको कार्यमा संलग्न गराउन निजी क्षेत्रद्वारा अन्तरदेशीय विद्युत व्यापार नियमनसम्बन्धी निर्देशिका जारी गर्नुपर्ने ।<br>२- निजी क्षेत्रलाई राष्ट्रिय ग्रीडको प्रयोग गर्न मापदण्ड, व्हिलिङ चार्ज आदि नियमनसम्बन्धी निर्देशिका जारी गर्नुपर्ने ।<br>३- निजी क्षेत्रलाई समेत विद्युत व्यापारमा संग्लन गराउन सम्बन्धित विशेषज्ञहरु तथा निजी क्षेत्र लगायतका सरोकारवालाहरु समेत समावेश भएको समिति आर्थिक वर्ष २०८०-८१ शुरु भएको दुई महिनाभित्र गठन गर्नुपर्ने । सो समितिबाट प्राप्त सुझावहरु समावेश गरी निजी क्षेत्रलाई समेत विद्युत व्यापारमा संग्लन गराउन सक्ने गरी मनासिब समयावधिभित्र कानून व्यवस्था तर्जुमा गरी कार्यान्वयन गर्नुपर्ने।<br>४- भारतले १० हजार मेगावाट विद्युत आयातको प्रारम्भिक सहमति गरिसकेकाले उत्पादन हुने विद्युतको बजारको सुनिश्चितता देखिएकाले हाल खरिद सम्झौताको पाइपलाइनमा रहेका सम्पूर्ण आयोजनाहरुसँग अबिलम्ब | ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय | **नेपाल विद्युत्मा खुद निर्यातक बनेको। १० वर्षमा १० हजार मेगावाट विद्युत् निर्यात गर्न भारतसँग दीर्घकालिन विद्युत् व्यापार सम्झौता गरिएको । बंगलादेशमा ४० मेगावाट विद्युत् निर्यात गर्न सम्झौता भएको। विद्युत् विधेयक २०८० संसदमा पेश गरिएको। ऊर्जा विकासको मार्गचित्र र कार्ययोजना २०८० मन्त्रिपरिषद्मा पेश भएको।** |

| | | | | |
|---|---|---|---|---|
| | | विद्युत खरिद सम्झौता गर्नुपर्ने । यसले जलविद्युतमार्फत लाखौंको संख्यामा रोजगारी सिर्जना, खर्बौं रुपैयाँ लगानी तथा प्रणालीमा पुँजी परिचालन गराउनेछ। | | |
| ३७३ | राष्ट्रिय साइबर सुरक्षा केन्द्र सञ्चालनमा ल्याइ साइबर सुरक्षाजन्य जोखिमलाई न्यूनीकरण गरिनेछ। सामाजिक सञ्जाल तथा डिजिटल प्लेटफर्म र डिजिटल मिडिया प्रयोगलाई व्यवस्थित र मर्यादित बनाइनेछ। सामाजिक सञ्जालमा आधारित सञ्चार माध्यमलाई औपचारिक दायरामा आउन प्रोत्साहन गर्नुका साथै नियमनका लागि कानूनी व्यवस्थामा सुधार गरिनेछ। | १. साइबर सुरक्षासम्बन्धी विधयेक २०७९ मा अनलाइन सुरक्षाको सम्बन्धमा इन्टरनेटमा हुने साइबर घटनाका विषय समावेश गरी कार्यान्वयनमा ल्याउने व्यस्था गर्नुपर्ने।<br>२. डिजिटल नेपाल फ्रेमवर्कलाई कार्यान्वयन गर्न आवश्यक व्यवस्था गर्नुपर्ने।<br>३. सरकारी वेबसाइटहरुलाई सुरक्षित बनाउन व्यवस्था गर्नुपर्ने तथा सूचनामा अनाधिकृत पहुँच नहुन दिन, ह्याकिङ घटनाहरु कम गर्न आवश्यक व्यवस्था समायोजन गरी सूचना प्रविधिसम्बन्धी विधेयक, २०७५ को सुध्रिणीकरण गरी कार्यान्वयन गर्ने व्यवस्था गर्ने। | १. नेपाल दुरसञ्चार प्राधिकरण<br>२. सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | **'राष्ट्रिय साइबर सुरक्षा केन्द्र' सञ्चालनमा आएको । मिडिया काउन्सिल विधेयक संसदमा विचाराधिन ।** |
| **३७६** | नेपाललाई चलचित्र पर्यटनको आकर्षक गन्तव्यको रूपमा विकास गरिनेछ । सार्वजनिक निजी साझेदारीमा दोलखा र बनेपामा फिल्म सिटी र इन्डोर स्टुडियो निर्माण प्रक्रिया अघि बढाइनेछ । | १- सार्वजनिक निजी साझेदारीमा फिल्म सिटी र इन्डोर स्टुडियो निर्माण गर्न नेपाल सरकार र निजी पक्षबीच जोखिम विनियोजनसहितको प्रष्ट प्रस्ताव आह्वान गर्नुपर्ने ।<br>२- सार्वजनिक निजी साझेदारीमा फिल्म सिटी र इन्डोर स्टुडियो निर्माण गर्न निजी पक्षका लागि आय ग्यारेन्टीको प्रावधानसहितको प्रष्ट प्रस्ताव आह्वान गर्नुपर्ने ।<br>३- सार्वजनिक निजी साझेदारीमा फिल्म सिटी र इन्डोर स्टुडियो निर्माण गर्न ऋण प्राप्त गर्न सहज हुने किसिमको परियोजना विकास सम्झौताको ढाँचासहितको प्रष्ट प्रस्ताव आह्वान गर्नुपर्ने । | १- नेपाल लगानी बोर्ड | **मौलिक चलचित्र निर्माणमा प्रोत्साहनका लागि स्टोरी बैंक सञ्चालन गर्न मस्यौदा बनाइएको।**<br>**बनेपाका स्टुडियो बनाउन जग्गा प्राप्ति प्रक्रिया अघि बढाइएको। चालु आर्थिक वर्षको बजेटमा परेको ।** |

| | | | | |
|---|---|---|---|---|
| ४१२ | श्रम स्वीकृति लिई वैदेशिक रोजगारीमा गएका नेपालीलाई लक्षित गरी रेमिट्यान्स वन्ड जारी गरी औपचारिक माध्यमवाट विप्रेषण भित्र्याउने र त्यसरी भित्र्याइएको रकमलाई पूर्वाधार विकासमा उपयोग गरिनेछ। | १- विप्रेषण आयलाई औपचारिक माध्यमबाट भित्र्याउन विप्रेषण शुल्कमा सहुलियत तथा प्रोत्साहन प्रदान गर्नुपर्ने, बैङ्क खाता खोलि विप्रेषण पठाएमा कम्तिमा एक प्रतिशत थप व्याज दिने सुविधालाई निरन्तरता दिनुपर्ने। औपचारिक माध्यमबाट विप्रेषण पठाउने श्रमिकलाई सामाजिक सुरक्षा कोषमा आवद्ध गर्नुपर्ने।<br>२- श्रम स्वीकृति लिइ वैदेशिक रोजगारीमा गएका नेपालीलाई लक्षित गरी रेमिट्यान्स वन्ड जारी गरी औपचारिक माध्यमवाट विप्रेषण भित्र्याउने र त्यसरी भित्र्याइएको रकमलाई पूर्वाधार विकासमा उपयोग गर्नुपर्ने ।<br>३- विदेशबाट पठाएको रकमबाट ठूला परियोजना सञ्चालन गर्न सक्ने गरी पूँजी निर्माण गर्न विप्रेषण लगानी कोषको (रेमिट इन्भेष्टमेन्ट फन्ड) स्थापना तथा परिचालनको सम्भावना सिर्जना गर्नुपर्ने । | १- श्रम, रोजगार तथा सुरक्षा मन्त्रालय<br>२- अर्थ मन्त्रालय<br>३- नेपाल धितोपत्र बोर्ड<br>४- नेपाल राष्ट्र बैंक | **वैदेशिक रोजगार बचतपत्र निश्कासन शुरु भएको ।**<br><br>**पूर्वाधारमा लगानी गर्ने अभियोजन अन्तर्गत रेमिट हाइड्रो अवधारणामा दुई आयोजनामा लगानी गर्न समझदारी** |
| ४१८ | पुँजी बजारलाई सुदृढ र गतिशील बनाउन धितोपत्रसम्बन्धी विद्यमान कानुनी व्यवस्थामा समयानुकूल संशोधन गरिनेछ। आवश्यक पूर्वाधार तयार गरी कमोडीटिज एक्सचेन्ज मार्केट तथा एसएमईज प्लेटफर्म सञ्चालनमा ल्याइनेछ । | १. पुँजी बजारलाई सुदृढ र गतिशील बनाउनका लागि सम्बन्धित विशेषज्ञहरु तथा निजी क्षेत्र लगायतका सरोकारवालाहरु समेत समावेश भएको समिति आर्थिक<br><br>वर्ष २०८०-८१ शुरु भएको दुई महिनाभित्र गठन गर्नुपर्ने । सो समितिबाट प्राप्त सुझावहरु समावेश गरी मनासिब समयावधिभित्र पुँजी बजारलाई सुदृढ र गतिशील बनाउन आवश्यक कानून तर्जुमा गरी लागू गर्नुपर्ने ।<br>२. कमोडिटिज एक्सचेन्ज मार्केट तथा एसएमईज् प्लेटफर्म सञ्चालनमा ल्याउने आवश्यक पूर्वाधार तयार गर्नका लागि सम्बन्धित विशेषज्ञहरुको परामर्श लिनुपर्ने । | १. अर्थ मन्त्रालय<br>२. धितोपत्र बोर्ड<br><br>३ . नेप्से | **वस्तु विनिमय बजार सञ्चालन सम्बन्धी नियमावली तर्जुमा हुन नसकेको। 'साना तथा मझौला संगठित संस्थाको धितोपत्र निष्कासन तथा कारोबारसम्बन्धी नियमावली, २०७९' मस्यौदा तयार पारेर अर्थ मन्त्रालयमा पेस भएको ।** |

| | | | | |
|---|---|---|---|---|
| ४२९ | ढुङ्गा, गिट्टी, बालुवाको उत्खनन् र बिक्री वितरण लगायतका आय ठेक्कासम्बन्धी प्रक्रिया र कार्यविधि स्पष्ट गर्न कानून तर्जुमा गरिनेछ। यसबाट संघ, प्रदेश र स्थानीय तहमा आय ठेक्कासम्बन्धी प्रक्रियालाई व्यवस्थित र पारदर्शी बनाउन सघाउ पुग्ने विश्वास लिएको छु। | ढुङ्गा, गिट्टी, बालुवा उत्खनन् बिक्री तथा व्यवस्थापनसम्बन्धी मापदण्डमार्फत नीति तर्जुमा गरी कार्यान्वयन गर्नुपर्ने। | १- वन मन्त्रालय<br>२- सामान्य प्रशासन मन्त्रालय | **निर्माणमुखि सामग्री (व्यवस्थापन तथा नियमन) विधेयक, २०८० संसदमा दर्ता भएको। नियमावली तथा कार्यविधिको काम भइरहेको।** |
| ४५९ | मुलुकमा औद्योगिक एवम् व्यवसायिक वातावरण निर्माण गर्न तथा व्यापार सहजीकरणका लागि भन्सार महसुल लगाउने, महसुल निर्धारणका आधार तोक्ने, भन्सार महसुल दर तोक्ने वा हेरफेर गर्ने लगायतका विषयलाई पारदर्शी, अनुमानयोग्य र अन्तर्राष्ट्रिय असल अभ्यास अनुकूल हुनेगरी नयाँ भन्सार ऐन तथा भन्सार महसुल ऐन तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ। | सम्बन्धित विशेषज्ञहरु, निजी क्षेत्र लगायतका सरोकारवालाहरुसमेत समावेश गरी एक उच्चस्तरीय समिति आर्थिक वर्ष २०८०-८१ शुरु भएको दुई महिनाभित्र गठन गर्नुपर्ने । सो समितिबाट प्राप्त सुझावहरु समावेश गरी मनासिब समयावधिभित्र नेपाल पक्ष रहेको विश्व व्यापार संगठन सम्झौताहरु, र अन्य सन्धीहरु, सम्झौताहरुसँग अनुकूल हुने गरी परिमार्जित भन्सार ऐन तथा भन्सार महशुल ऐन तर्जुमा गरी कार्यान्वयन गर्नुपर्ने । | १. अर्थ मन्त्रालय<br>२. आन्तरिक राजस्व विभाग | **भन्सार ऐन संसदमा दर्ता भएको।**<br>**महसुल सम्वन्धी व्यवस्था चालु आवको बजेटबाट आंशिक सम्बोधन** |
| ४७० | स्वैच्छिक कर सहभागिता अभिवृद्धि तथा कर चुहावट नियन्त्रणका लागि कर परीक्षणलाई अन्तर्राष्ट्रिय अभ्यासअनुरूप विद्युतीय प्रणालीमा आधारित 'इ-एसेसमेन्ट पद्धति' को शुरूआत गरिनेछ। | १. सम्बन्धित विशेषज्ञहरु, निजी क्षेत्र लगायतका सरोकारवालाहरु समेत समावेश गरी एक उच्चस्तरीय समिति आर्थिक वर्ष २०८०-८१ शुरु भएको दुई महिनाभित्र गठन गर्नुपर्ने । सो समितिबाट प्राप्त सुझावहरु समावेश गरी 'इ-एसेसमेन्ट पद्दति' तर्जुमा गरी कार्यन्वयन गर्नुपर्ने । | १. अर्थ मन्त्रालय<br>२. आन्तरिक राजस्व विभाग | **ई-एसेस्मेन्ट सम्बन्धी अध्ययन प्रतिवेदन प्राप्त भएको । बाँकी प्रक्रिया अघि बढ्न नसकेको ।** |

| | | | | |
|---|---|---|---|---|
| ४८४ | मुलुकमा आत्मनिर्भर भएका औद्योगिक वस्तुको स्वदेशी उत्पादनलाई संरक्षण गर्न केही वस्तुको आयातमा लाग्ने महसुल वृद्धि गरेको छु। साथै, स्वदेशी उद्योगको उत्पादन प्रवर्द्धन गर्न सम्वत् २०८० श्रावण १ गते पछि सम्झौता हुने आयोजनाका लागि आवश्यकपर्ने सिमेन्ट, फलामे डन्डी, फलामे पाइप तथा प्लाष्टिकका पाइप, जस्तापाता, विद्युतीय केवल जस्ता स्वदेशमा पर्याप्त उपलब्ध हुने वस्तुको पैठारीमा लाग्ने महसुल छुट दिने गरी सम्झौता गरिने छैन। स्वदेशी उद्योगले यस्ता वस्तु आयोजनालाई बिक्री गर्दा लाग्ने मूल्य अभिवृद्धि कर र अन्त:शुल्क छुट दिएर बिक्री गर्न सक्ने व्यवस्था मिलाएको छु। | १. मुलुकमा आत्मनिर्भर भएका औद्योगिक वस्तुको पैठारीमा लाग्ने भन्सार करमा वृद्धि गर्नुपर्ने।<br>२. स्वदेशी उद्योगको उत्पादन प्रवर्द्धन गर्न सम्वत् २०८० श्रावण १ गतेपछि सम्झौता हुने आयोजनाका लागि आवश्यक पर्ने सिमेन्ट, फलामे डन्डी, फलामे पाइप तथा प्लाष्टिकका पाइप, जस्तापाता, विद्युतीय केवल जस्ता स्वदेशमा पर्याप्त उपलब्ध हुने वस्तुको पैठारीमा लाग्ने महसुल छूट दिने सम्झौताहरुमा रोक लगाउनुपर्ने ।<br>३. आर्थिक विधेयकको व्यवस्थाअनुसार स्वदेशी उद्योगले यस्ता वस्तु आयोजनालाई बिक्री गर्दा लाग्ने मूल्य अभिवृद्धि कर र अन्त:शुल्क छूट हुने व्यवस्था मिलाइ यथाशिघ्र कार्यान्वयन गर्नुपर्ने । | १. अर्थ मन्त्रालय<br>२. भन्सार विभाग<br>३. आन्तरिक राजस्व विभाग | **कार्य सञ्चालन निर्देशिकामा कर छुट सम्बन्धी विषय परिमार्जन गर्न केहि विषयमा स्पष्टता हुनुपर्ने देखिएकाले छलफलको क्रममा रहेको ।** |
| ५७६ | भन्सार मूल्याङ्कनलाई कारोबारमा आधारित बनाइ यथार्थपरक बनाउन अनलाइन मूल्याङ्कन तथ्याङ्काधार निर्माण गरी मूल्याङ्कन प्रणालीमा आवद्ध गरिनेछ। | भन्सार प्रयोजनका लागि वस्तुको मूल्याङ्कन गर्न अनलाइन प्रविधिमार्फत तथ्याङ्काधार निर्माण गरी यस्तो मूल्याङ्कन प्रणाली कार्यान्वयन गरी भन्सार मूल्याङ्कनलाई आधुनिक तथा डिजिटल बनाउन यस व्यवस्थालाई तुरुन्तै सञ्चालनमा ल्याउनुपर्ने । | १. अर्थ मन्त्रालय<br>२. भन्सार विभाग | **आंशिक प्रगति/ विभागको आन्तरिक प्रयोगमा गइसकेको/ 'फुल अटोमेसन'मा जान बाँकी** |
| ७२ | लगानीकर्ताका लागि आवश्यक सबै सूचना उपलब्ध हुने गरी राष्ट्रिय पोर्टल तयार गरिनेछ। यस पोर्टलमा लगानीका क्षेत्रहरू, अवसर, कानूनी तथा नीतिगत व्यवस्था, प्रोत्साहनसम्बन्धी व्यवस्था, लगानी | १- लगानीकर्ताका लागि आवश्यक सबै सूचना उपलब्ध हुने गरी नेपाल सरकारको आधिकारिक पोर्टललाई अध्यावधिक गरी समयसापेक्ष गर्नुपर्ने ।<br>२- नेपाल सरकारको आधिकारीक पोर्टलमा लगानीका क्षेत्रहरू, अवसर, कानूनी तथा नीतिगत व्यवस्था, | १- उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय<br>२- उद्योग विभाग<br>३- नेपाल उद्योग | **स्वचालित मार्ग (Automatic Route) बाट विदेशी लगानी स्वीकृत गर्ने प्रणाली कार्यान्वयनमा आएको ।** |

| | | | | |
|---|---|---|---|---|
| | फिर्ताका प्रावधान र प्रक्रिया लगायतका सम्पूर्ण सूचना समावेश गरिनेछ। | प्रोत्साहनसम्बन्धी व्यवस्था, लगानी फिर्ताका प्रावधान र प्रक्रिया लगायतका सम्पूर्ण सूचना समावेश गर्नुपर्ने ।<br>३- नेपाल उद्योग परिसंघले उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयको सहयोगमा संचालनमा ल्याएको यससम्बन्धी सूचनामुलक पोर्टल '**www.investnepal.gov.np**' अद्यावधिक तथा हालको प्रविधिमैत्री बनाउन सहयोग, समन्वय तथा सहकार्य गर्नुपर्ने । | परिसंघ<br>४- नेपाल राष्ट्र बैंक | **उद्योग दर्ता विदेशी लगानी स्वीकृति, निर्यातमा नगद अनुदान, भिसा स्वीकृति, Repartition सिफारिस लगायतका सम्पूर्ण सेवा online मार्फत सञ्चालन गर्नका लागि Industry Management Information System (IMIS) सञ्चालन रहेको । एकल विन्दु सेवा केन्द्रबाट सम्पन्न हुने कार्यहरुलाई Full Automation मा लैजान सफ्टवेयर विकास र अभिलेख डिजिटाईजेशन गर्ने कार्यमा Document Scanning र तथ्यांक प्रवृष्टि चरणको कार्य सञ्चालनमा रहेको।** |
| १४२ | परम्परागतरूपमा सञ्चालित उद्योगहरूको प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्न मेशिनरी प्रतिस्थापन, प्रविधि सुधार तथा पूर्वाधार निर्माणका लागि सहुलियतपूर्ण कर्जा प्रदान गरिनेछ । परम्परागत सीपको अभिलेखीकरण गर्नुका साथै पुस्तान्तरण गर्न तालीम सञ्चालन गरिनेछ। | १. परम्परागत रूपमा सञ्चालित उद्योगहरूको प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्न मेशिनरी प्रतिस्थापन, प्रविधि सुधार तथा पूर्वाधार निर्माणका लागि सहुलियतपूर्ण कर्जा प्रदान गर्न कार्यविधि तर्जुमा गरी कर्यान्वयन गर्नुपर्ने ।<br>२.परम्परागत सीपको अभिलेखीकरण गर्नुका साथै पुस्तान्तरण गर्न तालिम तथा अन्य कार्यक्रम तयार गरी संचालन गर्नुपर्ने । | १. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय<br>२. लघु, घरेलु तथा साना उद्योग प्रवर्द्धन केन्द्र<br>३. औद्योगिक व्यवसाय विकास प्रतिष्ठान | **12531 जनालाई मर्यादित रोजगारी सहितको सीपमूलक र औद्योगिक प्रशिक्षण सम्पन्न, थप प्रगति हुन नसकेको ।** |

| | | | | |
|---|---|---|---|---|
| ७३ | सूचना प्रविधि र नवप्रवर्तनमा आधारित उद्योगका लागि लचिलो श्रम नीति अवलम्वन गर्ने गरी श्रम कानूनमा संशोधन गरिनेछ। उद्योगमा स्वच्छ ऊर्जा तथा हरित प्रविधिको उपयोगलाई प्रोत्साहन गर्न प्रविधि विकास कोषमार्फत अनुदान प्रदान गरिनेछ। | १- सूचना प्रविधि र नवप्रवर्तनमा आधारित उद्योगका लागि लचिलो श्रम नीति अवलम्वन गर्ने गरी प्रचलित श्रम ऐन, २०७४ तथा श्रम नियमावली, २०७५ मा आवश्यक संशोधन गर्नुपर्नेछ ।<br>२- उद्योगमा स्वच्छ ऊर्जा तथा हरित प्रविधिको उपयोगलाई प्रोत्साहन गर्न प्रविधि विकास कोषको स्थापना गरी प्रभावकारी संचालन गरी स्थानीय निकायहरुको समन्वयनमा अनुदान प्रदानसम्बन्धी मापदण्ड निर्धारण गरी अनुदान उपलब्ध गराउनुपर्ने। | १- श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय<br>२- श्रम विभाग | **चालु आव २०८१/८२ को बजेटमा रु एक अर्बको स्टार्टअप कोष स्थापना र स्टार्टअप बोर्ड गठन गर्ने घोषणा । श्रम ऐन संशोधन हुन नसकेको ।** |

## ३) शुन्य प्रगतिको अवस्थामा रहेका बजेटका नीति र कार्यक्रमहरु

| बजेटको बुँदा नं. | बजेटले गरेको प्रावधान | गर्नुपर्ने कार्य | सम्बन्धित निकाय | प्रगति अवस्था |
|---|---|---|---|---|
| ४१ | विकास आयोजना तथा कार्यक्रमका निर्धारित लक्ष्य हासिल गर्न आयोजना प्रमुख र विभागीय प्रमुखलाई जिम्मेवार बनाइनेछ। आयोजना प्रमुख छनोटको निश्चित मापदण्ड बनाइनेछ। पटक पटक आयोजना प्रमुख फेरिँदा कार्यान्वयनमा प्रतिकूल असरपर्ने गरेकोले आयोजना अवधिभर वा निश्चित अवधि तोकी आयोजना प्रमुख खटाउने र कार्यसम्पादन प्रगतिका आधारमा मात्र आयोजना प्रमुख हेरफेर गर्ने प्रणाली विकास गरिनेछ। | १- मन्त्रिपरिषदको निर्णयद्वारा आयोजनामा आयोजना प्रमुख छनोट तथा नियमन गर्न निर्देशिका बनाइ लागू गर्नुपर्ने ।<br>२- सबै मन्त्रालयअन्तर्गतका विकास आयोजनामा आयोजना प्रमुख छनोट गर्ने मापदण्डको कार्यविधि तर्जुमा गरी लागू गर्नपर्ने ।<br>३- निजामती तथा अन्य कर्मचारीमध्ये निश्चित मापदण्ड पुगेका व्यक्ति नभए प्रतिस्पर्धाको मध्यमबाट आयोजना प्रमुख छनोट गर्ने व्यवस्था तर्जुमा गरी लागू गर्नुपर्ने ।<br>४- निश्चित समयमा आयोजना प्रमुखले कार्य प्रगति विवरण सार्वजनिक गर्नुपर्ने र पछिल्लो कार्यप्रगति विवरण सार्वजनिक गर्नुपर्ने समयसम्मको अपेक्षित कार्यप्रगति घोषणा गर्नुपर्ने। कार्यप्रगति विवरणमा अपेक्षित प्रगति नभए सोको कारण खुलाउनुपर्ने गरी कार्यविधि तर्जुमा गरी लागू गर्नुपर्ने।<br>५- आयोजना प्रमुखले सार्वजनिक गरेको कार्यप्रगति विवरण विश्लेषण गर्न विशेष समिति गठन गर्नुपर्ने ।<br>६- आयोजना प्रमुखको कार्य प्रगति विवरणको आधारमा आयोजना प्रमुखसँग स्पष्टीकरण लिने र पटकपटक अपेक्षित कार्यप्रगति नभए, सन्तोषजनक स्पष्टीकरण प्राप्त नभए र आयोजना प्रमुखले लापरवाही गरे आयोजना प्रमुख परिवर्तन गर्ने अधिकार सो समितिलाई दिनुपर्ने । | १. नेपाल सरकार, प्रदेश सरकार तथा सम्बन्धित स्थानीय निकाय | **आयोजना प्रमुख छनोटको निश्चित मापदण्ड बन्न नसकेको। ठोस सुरूवात नभएको ।** |

| | | | | |
|---|---|---|---|---|
| | | ७- कुनै आयोजना प्रमुख परिवर्तन गर्दा समितिले सो निर्णयको कारण पेश गर्नुपर्ने व्यवस्था गर्नुपर्ने। | | |
| १४४ | स्वदेशी सिमेन्टको आन्तरिक खपत बढाउन पक्की सडक निर्माण गर्दा निश्चित मापदण्डको आधारमा ढलान गर्ने प्रविधि अवलम्बन गरिनेछ। यसबाट टिकाउ र गुणस्तरीय सडक निर्माण हुने तथा बिटुमिनको आयात घट्ने विश्वास लिएको छु। | स्वदेशी सिमेन्टको प्रयोग बढाउन निश्चित मापदण्डको आधारमा सडक ढलान गर्ने व्यवस्था, परिसंघले गरेको अध्यन अनुसार सिमेन्ट ढलान सडक दीर्घकालमा २७.४५% सस्तो पर्ने भएकोले कम्तिमा १०% सडक ढलान प्रविधिबाट निर्माण गरिनुपर्ने | १. सडक विभाग<br>२. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | **सुरू वा प्रगति नभएको\ स्पष्ट मापदण्ड बन्न नसकेको ।** |
| १५६ | "वाटर फ्रम द हिमालय" को नामले ब्राण्डिङ गरी नेपालको हिमाली क्षेत्रको मिनरल वाटर तथा प्रशोधित पानी निर्यात गर्न आवश्यक सहजीकरण गरिनेछ। | १- हिमाली क्षेत्रमा पानी प्रशोधन तथा उत्पादनका लागि निजी क्षेत्रलाई जग्गा प्राप्ति, उद्योग स्थापना तथा संचालनका लागि सहजीकरण गरिनुपर्ने।<br>२- 'वाटर फ्रम द हिमालय' लाई सामुहिक व्यापार चिन्हका रुपमा पहिचान गरी निर्यात गन्तव्य मुलुकहरुमा समेत दर्ता गर्ने प्रक्रिया अघि बढाउनुपर्ने। | १- उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय,<br>२- उद्योग विभाग | **गत आर्थिक वर्षमा उल्लेख्य प्रगति नभएको । चालु आर्थिक वर्षको बजेटमा फेरि यो विषय परेको ।** |
| १९३ | नेपाल नागरिक उड्डयन प्राधिकरणलाई पुनर्संरचना गरी नियामक र सेवा प्रदायक निकाय अलग अलग गरिनेछ। उडान सुरक्षालाई उच्च प्राथमिकतामा राखी गुणस्तरीय पूर्वाधार विकास तथा सेवा प्रवाहमा सुधार गर्नुका साथै नियामकीय भूमिकालाई सवल बनाइनेछ। | नागरिक उड्डयन प्राधिकरणको नियामक निकाय र सेवा प्रदायकको रुपमा रहेको दोहोरो भुमिका अलग गर्ने क्रममा उक्त निकायहरुको स्वार्थ नबाझिने गरी सम्बन्धित कर्तव्यहरुलाई स्पष्ट रुपमा परिभाषित गर्नुपर्ने। | १- नागरिक उड्डयन प्राधिकरण<br>२- गृह मन्त्रालय | **ऐनको मस्यौदा बनेको/ अन्य थप प्रगति नदेखिएको ।** |